

आजबाट फन्को पृष्ठ ६


लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित



लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108



काठमाडौं । वर्ष १५, अंक २१५, काठमाडौं, शुक्रबार १ माघ २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Friday 15 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-


# सीमांकन समिति संविधानमै राख्न तिन दल तयार

## मोर्चासँग ४ माघभित्रै सहमति

**शुरोजंग पाण्डे/राजधानी**
काठमाडौं, ३० पुस

प्रमुख तिन दलले ४ माघभित्र आन्दोलरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको माग सम्बोधन गर्ने सहमति गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको तिन दलका शीर्ष नेताहरूको बैठकले सीमांकन हेरफेरका लागि बनाउन भनिएको राजनीतिक समितिलाई संसद्मार्फत अनुमोदन गरेर या संविधानमै व्यवस्था गरेर वैधानिकता दिने समझदारीसमेत गरेका छन् ।

सत्तारूढ एमाले, एकीकृत नेकपा माओवादी र प्रमुख विपक्षी दल कांग्रेसका शीर्ष नेताहरू सहभागी बैठकमा संसद्मा विचाराधीन संविधान संशोधन प्रस्तावबाटै मधेसी मोर्चाका माग सम्बोधन गर्न लचकताका साथ पेस हुने सहमति जुटेपछि 'सेलाएको संवाद' ले गति लिने देखिएको छ ।

मोर्चाको तर्फबाट सीमांकन हेरफेरका लागि राजनीतिक समझदारीसँगै विश्वसनीय आधार माग भएपछि तिन दलका नेताहरूले यस्तो प्रस्ताव अघि सारेका हुन् । मोर्चाका नेताहरूले तराईमा कम्तीमा दुई प्रदेश हुने प्रतिबद्धतासहित सीमांकन हेरफेरका लागि अहिल्यै राजनीतिक समझदारी गर्नुपर्ने माग राख्दै आएका छन् । '४ माघभित्र मोर्चासँग सहमति गर्ने समझदारी भएको छ, बैठकपछि एमाओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले राजधानीसँग भने, 'आवश्यक परे भने मोर्चाका शीर्ष नेताहरूसँग बसेर पनि छलफल गर्ने सहमति भएको छ ।' बैठकमा प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति सुशील कोइराला तथा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाललगायतका नेताहरू सहभागी थिए । तिन दलबिच भएको समझदारी कार्यदल बैठकमार्फत अघि बढाउने सहमतिसहित बिहीबारै संयुक्त कार्यदलको बैठक बस्ने तयारी भए पनि सबै नेता जुट्न नसक्दा शुक्रबारसम्मका लागि बैठक स्थगित भएको छ ।

कार्यदलमा एमालेको तर्फबाट सहभागी उपप्रधानमन्त्री भीमबहादुर रावल उपत्यकाबाहिर रहेका कारण बैठक बस्न नसकेको हो । आज (शुक्रबार) कार्यदल बैठकमा थप छलफल गर्ने, शनिबार शीर्ष नेताहरू र कार्यदल सदस्य बसेर थप छलफल गर्ने र सहमतिको लिखित प्रारूप तयार पार्ने तथा ४ माघभित्र सबै विषय टुंग्याइसक्ने नेताहरूबिचको समझदारी छ । यसबिचमा सबै विषयमा सहमति जुटे ५ माघमा बस्ने संसद् बैठकबाट संविधान संशोधनको प्रक्रिया अघि बढाइने तयारी छ ।

कार्यदलमा सरकारको तर्फबाट मोर्चाको ११ बुँदे मागका सम्बन्धमा लिखित धारणा प्रस्तुत हुने समझदारी भए पनि प्रमुख तिन दलका नेताहरूबिच समझदारी हुन नसक्दा वार्ता निर्णायक दिशामा अघि बढ्न सकेको थिएन । बिहीबारको बैठकबाट भने तिन दलले वार्तालाई निष्कर्षमा पुऱ्याउने गरी अघि बढाउने समझदारी गरेका छन् ।

# 'घरघरमा ग्याँस' तयारी सुरु

◆ खानी विभागद्वारा बोलपत्र आह्वान ◆ उपत्यकाका तिन ठाउँका १४ स्थानमा ग्याँस कुवा ◆ त्रिपुरेश्वर-टेकु, तिनकुने-कोटेश्वर, टीकाथली-इमाडोल क्षेत्रमा वितरण केन्द्र ◆ २० हजार परिवारलाई ३० वर्ष पुग्ने अनुमान ◆ उत्खनन गर्न बेग्लै शाखा

**सविन शर्मा/राजधानी**
काठमाडौं, ३० पुस

प्रधानमन्त्री केपी शर्मा ओलीले उपत्यकाका घरघरमा ग्याँस जोड्ने प्रतिबद्धता व्यक्त गरेसँगै खानी तथा भूगर्भ विभागले उपत्यकाका २० हजार परिवारलाई 'घरघरमा ग्याँस' जडान गर्ने योजना बनाएको छ । विभागले उपत्यकाको प्राकृतिक ग्याँस संकलन गरी वितरण गर्ने तयारी गरेको हो ।

भान्सामै ग्याँस पाइप लाइन ल्याइदिने प्रधानमन्त्रीको प्रतिबद्धता पूरा गर्न खानी तथा भूगर्भ विभागले उपत्यकाका तिन स्थानका २० हजार परिवारलाई दुई महिनाभित्र नै ग्याँस पाइप जोड्न सक्ने योजना तयारी गरिरहेको छ ।

सुरु भएको एक महिनामा नै उपत्यकाका तिन स्थानका १४ ग्याँस कुवाबाट ग्याँस निकालिनेछ भने त्यसको एक महिनाभित्रै त्यस आसपासको जनतालाई घरघरमा ग्याँस पाइप जोड्ने योजना छ ।

उपत्यकावासीलाई उपत्यकाकै प्राकृतिक ग्याँस झिकेर पाइप लाइनबाट बाँड्ने प्रधानमन्त्रीको प्रतिबद्धतालाई मजाकमा उडाइरहेका बेला खानी विभागले भने ग्याँस उत्पादनका लागि बोलपत्र आह्वानसमेत गरिसकेको छ । विभागका महानिर्देशक सर्वजित महतोका अनुसार ग्याँस उत्पादनका लागि विभागले एक साताअघि नै १५ दिने म्याद दिएर बोलपत्र आह्वान गरिसकेको छ । उनका अनुसार केही कम्पनीले बोलपत्रमा चासो देखाइसकेका छन् भने थुप्रै कम्पनी सम्पर्कका लागि विभागमा आइसकेका छन् ।

'२६ वर्गकिलोमिटर क्षेत्रमा मात्रै गरिएको अध्ययनभन्दा अन्य स्थानमा पनि ग्याँसको सम्भावना भएकाले उपत्यकाका अन्य ७८ स्थानमा पनि ड्रिल गरेर ग्याँस निकाल्न सकिन्छ,' प्राकृतिक ग्याँस तथा खनिज शाखा प्रमुख पृथ्वीलाल श्रेष्ठले राजधानीसँग भने, 'सुरुमा पहिला नै अन्वेषण गरिएका स्थानबाट ग्याँस निकाली वितरण गरेपछि अन्य स्थानमा पनि क्रमशः ड्रिलिङ गरी उपत्यकालाई पुग्ने ग्याँस निकाल्न सकिन्छ ।'

श्रेष्ठका अनुसार काठमाडौंको टेकु-त्रिपुरेश्वर, तिनकुने-कोटेश्वर, ललितपुरको इमाडोल-टीकाथलीलगायत २६ वर्गकिलोमिटर क्षेत्रमा तिन संकलन केन्द्र बनाई ग्याँस वितरण गर्ने तयारी विभागको छ ।

१४ स्थानबाट निकालिएको ग्याँसले करिब २० हजार परिवारलाई खाना पकाउन ३० वर्ष पुग्ने अनुमान शाखाले गरेको छ । यस्तै थप पहिचान गरिएका उपत्यकाका ७८ स्थानबाट ग्याँस निकाल्दा थप १ लाख परिवारलाई ३० वर्ष ग्याँस पुग्न सक्ने अध्ययनले देखाएको छ । तर, उपत्यकाभरिको ग्याँस उत्पादन गर्न ३५ वर्षअघिको अध्ययनको भर पर्ने हो भने यस क्षेत्रमा घरहरू बनेकाले त्यही मात्रामा ग्याँस हुन नसक्ने उनको तर्क छ ।

विभागले प्राकृतिक ग्याँस निकाल्न र वितरण गर्न यसअघि पनि विभिन्न मितिमा करिब ६ पटक बोलपत्र आह्वान गरिसकेको छ । तर, कुनै पनि निजी कम्पनीले इच्छा नदेखाएपछि विभागको पहिलादेखिको तयारी अन्योलमा परेको थियो । व्यावसायिक लाभ धेरै नदेखिएको र झन्झटपूर्ण भएकाले निजी लगानीकर्ता उपत्यकाको ग्याँसमा लगानी गर्न उत्साहित नदेखिएको विभागको दाबी छ ।

पछिल्लो समय मुलुकमा इन्धन संकट बढ्न थालेपछि गरिएको बोलपत्र आह्वानमा भने निजी कम्पनीहरूले ग्याँस निकाली वितरण गर्ने गरी प्रस्ताव पेस गरिरहेका छन् । प्राकृतिक ग्याँस उत्खनन अघि बढाउन विभागले छुट्टै शाखामार्फत काम गरिरहेको छ । आफैंले अन्वेषण, उत्खनन र परीक्षण गरी व्यावसायिक लाभ हुने सुनिश्चिततापछि मात्र प्राकृतिक ग्याँसमा निजी लगानी आउने विभागको बुझाइ छ ।



*३२ वर्षअघि टेकु र त्रिपुरेश्वरका सरकारी कार्यालयमा वितरणका लागि प्रयोग गरिएको ग्याँस संकलन केन्द्र । टेकुस्थित पचली भैरवमा अहिले पनि ५ सय घनमिटरको ट्यांकी जस्ताको तस्तै अवस्थामा छ ।*

**तस्बिर : राजधानी**

## ३२ वर्षअघि नै थियो ग्याँस

**काठमाडौं/रास–** सरकारले ३२ वर्षअघि २०४० देखि २०५८ सालसम्म टेकु र त्रिपुरेश्वरका सरकारी कार्यालय तथा अस्पतालहरूमा प्राकृतिक ग्याँस वितरण गरेको थियो । तर, वितरण केन्द्रबाट ग्याँस चुहिएर एकजनाले ज्यान गुमाएपछि भने बिस्तारै वितरण हुन छाडेको हो ।

'सरकारले उपत्यकाका ९२ स्थानमा ग्याँस कुवा खन्न सक्ने स्थान पहिचान गरिसकेको छ भने २०३७ सालदेखि २०४५ सालसम्ममा उपत्यकाका १४ स्थानमा ग्याँस कुवा बनाइसकेको थियो,' खानी तथा भूगर्भ विभागका महानिर्देशक सर्वजित महतोले राजधानीसँग भने, 'त्यसरी निरन्तर वितरण गरिएको ग्याँसको कुनै गन्ध नहुने हुँदा ग्याँस वितरण केन्द्रमा ग्याँस चुहावट भएर एक व्यक्तिको जलेर मृत्यु भएपछि ग्याँस वितरणको काम रोकिएको हो ।' उपत्यकाका जमिनमुनिबाट आएको ग्याँस मिथेन रंगहीन र गन्धहीन ग्याँस भएकाले दुर्घटना भएको विभागले जनाएको छ ।

विभागका अनुसार उपत्यकाको जमिनमुनि जैविक वस्तु कुहिएर बन्ने मिथेन ग्याँस रहेको तथ्य प्रमाणित भएको थियो । २०३७ सालमा जापान सहयोग नियोग (जाइका) ले त्रिपुरेश्वरको घरेलु उद्योगको कम्पाउन्डमा ३ सय ५ मिटर गहिरो इनार खनेर प्राकृतिक ग्याँस भएको पुष्टि गरेको थियो । जाइकाले त्यसको दुई वर्षपछि काठमाडौंको पचली र कुलेश्वरको फोहोर संकलन क्षेत्रमा क्रमशः ३ सय १ दशमलव २ र ३ सय २ मिटर गहिरो इनार खनेर ग्याँस निकालेको थियो ।

त्यसपछि २०४२ सालमा यूएनडीपीको सहयोगमा सरकारले पाँचबर्से अन्वेषण परियोजना सञ्चालन गरेको थियो । त्यसअन्तर्गत काठमाडौंको ह्युमतका दुई स्थानमा इनार खनेर ग्याँस भएको पुष्टि गरिएको थियो । त्यस स्थानमा ३ सय मिटर र ४ सय ५४ दशमलव ४ मिटर गहिरो इनार खनी ग्याँस भएको पुष्टि गरिएको थियो ।

## कक्षा ११ मा ४९ प्रतिशत पास

**काठमाडौं/रास–** उच्च माध्यमिक शिक्षा परिषद्ले कक्षा ११ को परीक्षाफल प्रकाशित गरेको छ । परीक्षामा ४९ दशमलव २० प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । परीक्षामा सामेल २ लाख ४३ हजार ७ सय ३१ परीक्षार्थी मध्ये नियमिततर्फ १ हजार १९ हजार १६ परीक्षार्थी उत्तीर्ण भएका छन् ।

परिषद्का अनुसार आंशिकतर्फ १ लाख २६ हजार ९ सय ३० परीक्षार्थी सहभागी भएकोमा ४३ हजार ९ सय ८३ उत्तीर्ण भएका छन् । ३४ दशमलव ६५ प्रतिशत उत्तीर्ण भएको उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरले जनाएको छ ।

## प्रधानमन्त्रीको कूटनीतिक ब्रिफिङ

**काठमाडौं/रास–** प्रधानमन्त्री केपी शर्माले ओलीले २ माघदेखि सरकारले सुरु गर्न लागेको राष्ट्रिय पुनर्निर्माण महाअभियानबारे दातृ निकाय र विकास साझेदारहरूलाई बोलाएर ब्रिफिङ गरेका छन् ।

बिहीबार नेपालस्थित दातृ तथा कूटनीतिक नियोगका प्रतिनिधिहरूलाई बालुवाटार बोलाएर प्रधानमन्त्री ओलीले महाअभियानबारे जानकारी दिँदै पुनर्निर्माणमा सहयोग गर्न आग्रह गरेका थिए ।

(विस्तृत पृष्ठ २ मा)



*माघीको अवसरमा बर्दियाको कालिका मयुर बस्तीमा आयोजना गरिएको माघी मिलन कार्यक्रममा लट्ठी नाच प्रदर्शन गर्दै स्थानीय थारू युवायुवती ।*

**तस्बिर : सुदीप अधिकारी/राजधानी**

### सभापतिको अधिकारमा दुई नेताबिच मतभेद

## संस्थापन बढाउने देउवा हटाउने

**भुवन शर्मा/राजधानी**
काठमाडौं, ३० पुस

नेपाली कांग्रेसको आगामी १३औं महाधिवेशनमा प्रस्तुत हुने विधान संशोधन मस्यौदालाई लिएर संस्थापन र वरिष्ठ नेता शेरबहादुर देउवा पक्षीय नेताहरूबिच विवाद देखिएको छ ।

संस्थापन पक्षधर नेताहरूले विधानमा सभापतिलाई दिइएको पदाधिकारी र केन्द्रीय सदस्य मनोनयनको अधिकार थप मजबुत बनाउन लबिङ तीव्र बनाएका छन् । सभापतिका प्रत्यासीसमेत रहेका देउवा पक्षधर नेताहरू भने विधानमा रहेको यस्तो अधिकार हटाउने पक्षमा देखिएका छन् ।





विधान संशोधन समितिको जारी बैठकमा संशोधन समितिका सदस्यहरूले जिल्ला, भ्रातृ संगठन तथा विदेशबाट आएका सुझाव र सल्लाहहरूको अध्ययन गरिरहेका छन् । बिहीबारको बैठकमा पनि विधान संशोधन समितिका सदस्यहरूले विभिन्न जिल्ला तथा भ्रातृ संगठनहरूबाट आएका सुझावहरू अध्ययन गरेका थिए ।

कांग्रेस विधानमा सभापतिलाई एक उपसभापति, एक महामन्त्री, एक सहमहामन्त्री सहित २१ जना मनोनयन गर्ने अधिकार दिइएको छ । सभापतिले गरेको मनोनयनलाई केन्द्रीय समितिले अनुमोदन गर्नुपर्ने प्रावधान विधानमा छ । संस्थापन पक्षले विधानमा रहेको सो बुँदालाई अस्पष्ट भन्दै हटाई मनोनयन गर्ने सबै अधिकार सभापतिलाई दिनुपर्ने लबिङ गरिरहेका छन् ।

देउवा पक्ष भने सभापतिको पदाधिकारी र केन्द्रीय सदस्यमा मनोनयन गर्ने अधिकर पूर्ण रूपमा खारेज गरी सबै पदमा चुनाव हुनुपर्ने पक्षमा छ । विधान संशोधन समितिका सदस्यहरूले नै यसमा फरकफरक धारण राखेका छन् ।

विधान संशोधन समितिमा विभिन्न तह र ठाउँहरूबाट आएका सुझावहरूमध्ये सभापतिको मनोनयन अधिकार खारेज गरी पदाधिकारीलगायतका सबै पदमा निर्वाचन गर्नुपर्ने सुझाव आएको संशोधन समितिका सदस्यहरूले बताएका छन् । यसैगरी, संसदीय बोर्डको पनि निर्वाचन गर्नुपर्ने सुझाव आएको समितिका सदस्यहरूले बताएका छन् ।

समितिका सभापति आनन्द ढुंगानाले भने पार्टीको वर्तमान विधानमा सभापतिले २० प्रतिशत मात्र मनोनयन गर्न सक्ने भन्दै सो प्रावधानलाई नयाँ विधानमा पनि कायम राखी अस्पष्ट बुँदालाई परिमार्जन गरी स्पष्ट बनाइने बताए ।

'सभापतिले २० प्रतिशत मात्र मनोनयन गर्न पाउँछ, त्यो अधिकार कायम हुन्छ, यसमा रहेको अस्पष्ट बुँदालाई संशोधन गरी प्रस्ट बुँदा रहन्छ,' संयोजक ढुंगानाले भने । समितिका सदस्य बालकृष्ण खाँडले भने नयाँ विधानमा पार्टीलाई सभापति केन्द्रित नभई कार्यकर्ता केन्द्रित बनाउन भ्रातृ संगठन तथा विभिन्न तहबाट सुझाव आइरहको भन्दै यसतर्फ संशोधन समितिले काम गर्ने बताए ।

(बाँकी पृष्ठ २ मा)

# अर्थमन्त्रीज्यू ! पुस सकियो, खै ऊर्जा संकटकाल ?

**राजधानी समाचारदाता**
काठमाडौं, ३० पुस

अर्थमन्त्री विष्णु पौडेलले ८ मंसिरमा जारी गरेको श्वेत पत्रमा पुस मसान्तभित्र ऊर्जा संकटकाल लगाउने उल्लेख छ तर पुस सकियो, ऊर्जा संकटकाल भने लागेन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने घोषणालाई सफल बनाउन छिटो जलविद्युत् उत्पादनका लागि ऊर्जा संकटकाल लगाउने श्वेत पत्रमा उल्लेख भए पनि माघ सुरु हुँदा पूरा भएको देखिएन । श्वेत पत्रका आधारमा ऊर्जा मन्त्रालयले तयार पारेको ऊर्जा कार्य योजनामा १५ पुसभित्र ऊर्जा संकटकालका लागि विधेयकको मस्यौता तयार गरिसक्ने र पुस मसान्तभित्र संकटकाल लगाउने उल्लेख थियो । पुस बितिसक्दा पनि ऊर्जा संकटकालका लागि हालसम्म विधेयकको मस्यौदासमेत तयार भइसकेको छैन । माघ महिनाभित्र लगाइसक्ने मन्त्रालयको तयारी रहे पनि सरोकारवालाहरूसँग सुझाव तथा यसबारे बृहत् छलफल गरेर विधेयक तयार गरी संसद्बाट पारित गराएर संकटकाल लाग्ने हुनाले कहिले लाग्ने अन्योल रहेको मन्त्रालयका एक अधिकारीले जानकारी दिए ।

मन्त्रालयले ढिलो गरी ७ पुसमा मात्र ऊर्जा संकटकाल लगाउन तयारीस्वरूप ६ ओटा विभिन्न कार्यदल बनाएको थियो । कार्यदलले १५ दिनभित्र सुझाव दिने उल्लेख भए पनि बिहीबार मात्र अधिकांश कार्यदलले प्रतिवेदन बुझाएका छन् । 'ऊर्जा निवारण संकटकालका लागि विभिन्न कार्यदल गठन भएकोमा अधिकांशले प्रतिवेदन बुझाएका छन्, अब त्यसलाई समेटेर एउटा मस्यौदा तयार हुन्छ,' ऊर्जा मन्त्रालयका सहसचिव एवं प्रवक्ता डा. सञ्जय शर्माले भने, 'मस्यौदा तयार भएपछि यसबारे सरोकारवालाहरूसँग सुझाव लिएर विधेयक तयार हुन्छ ।' उनले पुस मसान्तभित्र संकलटकाल लगाउने लक्ष्य भएपछि हतारिएर भन्दा बढी नै छलफल गरेर लगाउँदा ऊर्जा निवारण संकटकालको कार्यान्वयन हुने भएकाले केही ढिलाइ भएको दाबी गरे ।



प्रधानमन्त्रीसहित ऊर्जामन्त्री, अर्थमन्त्री, ऊर्जा सचिव लगायतले ऊर्जा संकटकाल लगाएर विद्युत् उत्पादन वृद्धि गरी लोडसेडिङ घटाउने उद्घोष गर्दै आएका छन् । तर, कागजी तयारी भने बल्ल तीव्र पारिएको छ । कार्यदलहरूबाट आएको प्रतिवेदनका आधारमा ऊर्जा सचिवको संयोजकत्वमा सरोकारवाला मन्त्रालय र सरोकारवाला रहेको अर्को कार्यदल बनाई त्यसमार्फत विधेयक तयारी गर्ने लक्ष्य मन्त्रालयको छ ।

विद्यमान कानुनको अध्ययन, समस्याहरूको पहिचान र समाधान उपाय तथा २०६७ सालमा संकटकाल लगाउन तयार गरिएको विद्युत् संकट निरूपण विधेयकलाई समेत अध्ययन गरेर विभिन्न कार्यदलले प्रतिवेदन दिएको मन्त्रालयले जनाएको छ । २०६७ साल चैत्र ९ गते तत्कालीन उपप्रधान एवं ऊर्जामन्त्री भरतमोहन अधिकारीले लगाएको साढे चारबर्से ऊर्जा संकटकाल कार्यान्वयनमा नआएकाले कतिपय संकटकालभन्दा पनि आयोजनालाई सहज र निर्बाध रूपमा अघि बढाउने वातावरण बनाउनुपर्ने पक्षमा छन् । १० हजार मेगावाट उत्पादन नभएसम्मका लागि ऊर्जा संकटकाल लगाउनुपर्ने मागसहित ऊर्जामन्त्री र सचिवलाई ज्ञापन पत्र बुझाउँदै त्यसका लागि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले लबिङ गरिरहेको छ ।

(बाँकी पृष्ठ २ मा)

## छोटकरी

### सवारी दुर्घटनामा दुईजनाको मृत्यु

**दाङ/रास-** लमहीमा बिहीबार भएको सवारी दुर्घटनामा परी दुईजनाको मृत्यु भएको छ।

पूर्वपश्चिम राजमार्गको लमही-भालुवाङ सडक खण्डमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना१ख २४६१ नम्बरको ट्रकले पूर्वबाट पश्चिम आउँदै गरेको लु४प ६२७३ नम्बरको मोटरसाइकललाई लमही नगरपालिका-८ अर्नहवामा ठक्कर दिँदा लमही नगरपालिका-६ मजगाउँका विकास चौधरी र सुनिल चौधरीको मृत्यु भएको वडा प्रहरी कार्यालय लमहीका प्रहरी निरीक्षक प्रेमबहादुर खड्काले जानकारी दिएका छन्। त्यसैगरी, दुर्घटनामा परी मोटरसाइकल चालक लमही नगरपालिका-६ मजगाउँ निवासी ३० वर्षीय यमराज चौधरी गम्भीर घाइते भएका छन्।

### 'मधेस आन्दोलन टुंग्याउनुपर्छ'

**तेह्रथुम/रास-** नेकपा एमालेका सचिव गोकर्ण विष्टले संसद्मा दर्ता भएको संविधान संशोधन प्रस्ताव पारित गरेर भए पनि तराई मधेसमा जारी आन्दोलनको अन्त्य गर्नुपर्ने बताएका छन्। राष्ट्रिय हितका लागि संविधान संशोधन नै गरेर भए पनि देशलाई विकासको बाटोतर्फ अगाडि बढाउनुपर्ने सचिव विष्टले बताए।

प्रेस चौतारी नेपाल बिहीबार आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै सचिव विष्टले सरकारले बोली र भाषणमा भन्दा काममा जोड दिनुपर्ने बताए। नयाँ संविधान कार्यान्वयनमा चुनौती रहेको भन्दै सचिव विष्टले संविधान कार्यान्वयनमा सबै राजनीतिक शक्ति एक हुनुपर्ने जोड दिए।

### चरेससहित तिन पक्राउ

**जनकपुरधाम/रास-** लागू औषध चरेससहित जनकपुरको रामानन्द चोकबाट धनुषा प्रहरीले तिनजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जनकपुर उप-महानगरपालिका-६ बस्ने ४३ वर्षीय रामबाबु साह, जनकपुर उप-महानगरपालिका-८ बस्ने २६ वर्षीय अमेशकुमार राय र जनकपुर उप-महानगरपालिका-६ बस्ने ४० वर्षीय प्रमोदकुमार राय छन्। उनीहरूको साथबाट ४ सय ग्राम अवैध चरेस बरामद गरिएको धनुषाका प्रहरी उपरीक्षक रामदत्त जोशीले जनाए।

### छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

**नवलपरासी/रास-** नवलपरासीमा बिहीबार भएका दुई छुट्टाछुट्टै सवारी दुर्घटनामा दुईजनाको मृत्यु भएको छ। बुधबार राति र बिहीबार दिउँसो दुम्किबासमा भएको दुई दुर्घटनामा परी दुईजनाको मृत्यु भएको हो।

इलाका प्रहरी कार्यालय नवलपुरले दिएको जानकारीअनुसार दुम्किबास-५ मा बिहीबार दिउँसो पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना३४प २०८३ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ आउँदै गरेको ना२ख ९७५८ नम्बरको ट्रकले ठक्कर दिँदा मोटरसाइकलमा सवार एकजनाको मृत्यु भएको हो।

दुर्घटनामा परी मोटरसाइकल पछाडि बस्ने नवलपरासीको मध्यबिन्दु नगरपालिका-३ निवासी २७ दीपक श्रेष्ठको मृत्यु भएको इलाका प्रहरी कार्यालय नवलपुरका प्रहरी नायब उपरीक्षक पर्शुराम तिवारीले बताए। यस्तै, मोटरसाइकल चालक मध्यबिन्दु-३ निवासी विष्णु शर्मा घाइते भएका छन्।

यस्तै, नवलपरासीको दुम्किबास ज्यामिरेस्थित महेन्द्र राजमार्गमा बुधबार राति सवारीसाधन दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। इलाका प्रहरी कार्यालय नवलपुरले दिएको जानकारीअनुसार पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको बा१२च ६७०३ नम्बरको जिपले रोकी राखेको ना३ख ४३१९ नम्बरको ट्रकलाई ठक्कर दिँदा चितवन भरतपुर-१ बस्ने २३ वर्षीय उत्तम चापागाईं रहेका छन्।

### प्रधानमन्त्रीले सोचेर बोल्नुपर्छ : कँडेल

**कपिलवस्तु/रास-** पूर्वगृह राज्यमन्त्री तथा नेपाली कांग्रेसका नेता देवेन्द्रराज कँडेलले प्रधानमन्त्री केपी शर्मा ओलीले सस्तो लोकप्रियताका लागि हावादारी कुरा गरेको आरोप लगाएका छन्।

तौलिहवामा बिहीबार आयोजित कार्यक्रममा नेता कँडेलले यस्तो आरोप लगाएका हुन्। जनताले चुलो बाल्नसमेत नपाएको अवस्थामा घरघरमा ग्याँस पुर्‍याइदिन्छु भन्नु औचित्यविनाको भनाइ भएको उनको तर्क छ। जनताको समस्या समाधान गर्नुको साटो सरकारमा रहेर जनताको दुखेको घाउमा प्रधानमन्त्री ओलीले थप दुःख दिने मात्र काम गरेको आरोप लगाए। यस्तै, उनले वर्तमान सरकार नेपाली कांग्रेसको महाधिवेशनपछि आफैं ढल्ने दाबी पनि गरे।

# थारू बस्तीमा माघीको रौनक

**सुदीप अधिकारी/राजधानी**
बर्दिया, ३० पुस



थारू समुदायमा यतिखेर माघीको रौनक छाएको छ। माघी थारू समुदायको ठूलो पर्व भएकाले अहिले पश्चिम तराईका बाँके, बर्दिया, दाङ, कैलाली र कञ्चनपुरका थारू बस्तीमा माघी पर्वको रौनक बढेको हो। थारू बस्तीमा यतिखेर निकै चहलपहल बढेको छ। माघीकै अवसरमा यहाँका गल्ली चोक सफा परिएका छन्। कामका लागि बाहिर गएकाहरू घर फर्किसकेका छन् भने कोही फर्कने तयारीमा छन्।

माघी पर्वलाई थारू समुदायले नयाँ वर्षका रूपमा समेत मान्ने गर्छन्। यो पर्वलाई थारू समुदायले बरका तेउहार (ठूलो पर्व) का रूपमा मनाउँछन्। बग्नाहा-२ बर्गदाका मोहनलाल थारू भन्छन्, 'माघी हाम्रो लागि नयाँ वर्ष हो। माघीलाई हामी ठूलो पर्वको रूपमा मनाउँछौं। वर्षभरि जो जहाँ भए पनि माघी मनाउन भनेर घर फर्कने गर्छन्।'

माघीको अवसरमा थारू संस्कृति झल्कने नृत्यले गाउँघर गुञ्जयमान भएको छ। गाउँ थारू बस्तीमा युवायुवतीहरू माघीमा मघौटा, सखिया र हुरदंगा नाच नाच्ने गर्छन्। कालिका मयुरबस्तीका थारू अगुवा शुशील थारू भन्छन्, 'माघी थारू समुदायको विशेष पर्व हो। माघीकै अवसर पारेर गाउँघरमा थारू संस्कृतिको जगेर्ना गर्न विभिन्न क्रियाकलाप हुने गर्छन्।'

थारूहरूले माघीमै वर्ष दिनको योजना बनाउने गर्छन्। माघीमा बनाएको योजनाअनुसार नै परिवारका सदस्य सबै आ-आफ्नो काममा लाग्छन्।

यतिखेर थारू बस्तीका चोकचोकमा युवायुवतीको जमघट बढेको छ। बाहिरबाट कमाएर आएकाहरू आफ्ना साथीभाइसँग अनुभव साटासाट गर्नमा व्यस्त छन्।

माघे संक्रान्तिका दिन गाउँका चोकचोकमा धुनी बाल्ने प्रचलन छ। थारू समुदायमा माघे संक्रान्तिको अघिल्लो दिन रातभर जाग्राम बसेर भजनकीर्तन गर्ने, डफ (एक प्रकारको डम्फू) बजाउने चलन छ र माघे संक्रान्तिका दिन (१ माघ) बिहानै नजिकैको खोला वा नदीमा गई नुहाउने गर्छन्। यो दिन खोला वा नदीमा गई नुहाउँदा वर्षभरिको पाप पखालिने जन विश्वास छ। नुहाएर आफूभन्दा ठूला मान्यजनलाई सेवाढोग गरी आशीर्वाद लिने र साथीभाइसँग अंकमाल गरी माघीको शुभकामना आदानप्रदान गर्ने गरिन्छ।

यो पर्वमा थारू जातिले विशेष परिकारको रूपमा ढिकरी (चामलको पिठोबाट बनाइने परिकार), माछा, घोघी, सुँगुर वा बंगुरको मासु र जाँड खाने र खुवाउने चलन छ।

यसैगरी माघीमा गाउँका सबैजना जम्मा भएर वर्ष दिनका लागि बड्घर-मैटहवा (गाउँको अगुवा), चौकीदार र गुरुवा चयन गर्ने गरिन्छ। यो परम्परा समुदायमा हुने गरेको लोकतान्त्रिक अभ्यासको गतिलो उदाहरण पनि हो। माघीमा चयन गरिने अगुवाले वर्ष दिनभर गाउँको विकास निर्माण, सुरक्षा, सूचना, कुलोपानी र पूजाआजामा अगुवाइ गर्ने गर्छन्।

## देवघाटमा मकर मेला र स्नान

**चितवन/रास-** माघे संक्रान्तिको अवसरमा चितवन र तनहुँ जिल्लाको सिमाना देवघाट धाममा लाग्ने माघे संक्रान्ति मेलासँगै मकर स्नान सुरु भएको छ। संक्रान्तिको अघिल्लो दिन बिहीबार वेणीमा विधिपूर्वक पूजा गरेर लिंगो गाडेपछि मकर स्नान सुरु भएको हो। मुक्तिनाथबाट बग्दै आएको कालिगण्डकी र गोसाइँकुण्डबाट बग्दै आएको त्रिशूली नदीको संगम स्थल (वेणी)मा भक्तजनहरूको घुइँचो लागेको छ।

देशको मध्यभागमा पर्ने पवित्र तीर्थस्थल देवघाटले ऐतिहासिक, पौराणिक, सांस्कृतिक एवं पर्यटकीय महत्त्व बोकेको छ। तीर्थस्थलमा धुम्रपान, मदिराजन्य वस्तु निषेध गरेको, झोलुंगे पुलमा एक पंक्ति भई हिँड्न, धेरै दुर्घटना हुने भएकाले वेणी संगममा डोरी लगाएर स्नान क्षेत्र छुट्याएको, मेला अवधिभर लोडसेडिङ नहुने व्यवस्था मिलाएको मेला व्यवस्थापन समितिका संयोजक एवं देवघाट क्षेत्र विकास समितिका अध्यक्ष शैलेन्द्रकुमार पियाले बताए।

सम्भावित दुर्घटना रोक्न सशस्त्र प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र कुरिनटारबाट दुई ओटा उद्धार ऱ्याफ्टिङ र स्थानीय ढुंगाको प्रयोग गरिएको पियाले बताए। देवघाटमा महादेव, राम, सीतासमेत आएर मकर स्नान गरेको धार्मिक कथामा सुन्न पाइने देवघाट क्षेत्र विकास समितिका अध्यक्ष पियाले बताए। यसैले नेपालसहित भारतका विभिन्न ठाउँबाट भक्तहरू स्नानका लागि आउने चलन परापूर्व कालदेखि नै रहँदै आएको छ। तिन दिनसम्म देवघाटमा लाखौं भक्तहरू आउने उनले बताए।

# किर्ते गरी नागरिकता लिने पक्राउ



**राजधानी संवाददाता**
भैरहवा, ३० पुस

पाँच वर्षअघि जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट किर्ते गरी नेपाली नागरिकता लिएका एक भारतीय नागरिक पक्राउ परेका छन्।

भारतीय नागरिक साकिर अली खाँले नक्कली विवरण पेस गरेर नेपाली नागरिकता लिएको आरोपमा जिल्ला प्रहरी कार्यालय रूपन्देहीले पक्राउ गरेको हो। उनीमाथि जिल्ला अदालत रूपन्देहीमा मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए।

मंगलबार पक्राउ परेका उनलाई बुधबार अदालतले अनुसन्धानका लागि सात दिनको म्याद दिएको छ। उपरीक्षक कार्कीका अनुसार खानले जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट सिद्धार्थनगर नगरपालिका-२ को ठेगानामा ५ साउन ०६७ मा नेपाली नागरिकता लिएका थिए। उनको नागरिकता प्रमाण पत्र नम्बर ३७१०२३/८६ मा तत्कालीन प्रशासकीय अधिकृत रमेश गौतमले हस्ताक्षर गरेका छन्। भूकम्पपीडितको नाममा सुविधा लिनका लागि उनले पेस गरेको निवेदन छानबिन गर्ने क्रममा उनले झुटा विवरण दिएर नागरिकता लिएको पुष्टि भएको हो।

भारतको राष्ट्रिय परिचय पत्र, रासन कार्ड, भारतीय ड्राइभिङ लाइसेन्स र भारतको भोटर लिस्टमा खानको नाम छ। नेपाली नागरिकतामा उनको जन्म मिति ०२२/०४/०१ र बाबु महमद हनिज खाँ र बाजे बजी बसई खाँ उल्लेख छ भने भारतको राष्ट्रिय परिचय पत्रमा उनको परिचय पत्र नं १०००८१९६५००१६०४७ रहेको डीएसपी कार्कीले बताए।

# 'राजनीतिकर्मीको दूरदृष्टि अभावले मधेस आन्दोलन'



**राजधानी संवाददाता**
वीरगन्ज, ३० पुस

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले राजनीतिकर्मीको दूरदृष्टि अभावले मधेस आन्दोलन भएको बताएका छन्।

मधेस आन्दोलनका क्रममा भएको मानव अधिकारको अवस्था बुझ्न वीरगन्ज आइपुगेका अध्यक्ष शर्माले बिहीबार बारा र पर्साका राजनीतिकर्मीसँगको छलफलमा यस्तो बताएका हुन्। उनले भने, 'राजनीतिकर्मीको दूरदृष्टि भएको भए आन्दोलन जरुरी थिएन।'

यस्तै, हतारमा आएको संविधानले मधेसमा केही असन्तुष्टि ल्याएको पनि उनले बताए। बारापर्साका दर्जनभन्दा बढी नेता, नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष श्याम बन्जारा, नागरिक समाज वीरगन्जका दीपक शाक्य र कानुन व्यवसायी सुधीर कर्णसहितले राखेका जिज्ञासाको समाधान गर्ने क्रममा अध्यक्ष शर्माले यस्तो बताएका हुन्। उनले भने, 'मधेस आन्दोलनले मधेसीको पहिचान र अस्तित्व स्थापित भयो। त्यो अब कसैले हनन गरेर गरिन्न। केन्द्रले मधेसलाई मौजा र बपौती ठान्ने दिन पनि अब सकियो।'

आयोगले मधेस आन्दोलनको समयमा भएका घटनालाई गम्भीरतापूर्वक लिएको जनाएको छ। 'यसको उचित कार्यान्वयनका लागि राज्यलाई दबाबमूलक सुझाव दिन्छौं,' उनले भने।

अध्यक्ष शर्माले मधेस केवल मधेसीको मात्र नभएर मधेसमा बस्ने सबैको भएको बताए। को कुन पार्टीमा छ ? भन्ने आयोगको चासो होइन, घटना कसरी भयो सो अवलम्बन गरी सही कार्यान्वयन गराउने आयोगको कर्तव्य भएको अध्यक्ष शर्माको भनाइ छ।

आयोगका प्रवक्ता मोहना अन्सारी, आयोगका कायमुकायम सचिव वेदप्रकाश भट्टराईसहितको उपस्थितिमा भएको छलफलमा मधेस आन्दोलनको मोर्चाका वार्ता टोली सदस्य लालबाबु राउतगद्दी, पूर्वसभासद् आत्माराम साह, पूर्वमन्त्री रामचन्द्र कुशवाहा, करिमा बेगम, नेताहरू नेजामुद्दीन समानी, पुरुषोत्तम झा, सञ्जय यादव, प्रेमबाबु पटेललगायतले राज्यले नश्लवादी चिन्तनले काम गरेको अनि राष्ट्रिय मानव अधिकार आयोगले पनि राष्ट्रिय चरित्रको कार्य सम्पादन नगरी केही समुदायको मात्र हित गर्ने कार्य सम्पादन गरेको आरोप लगाएका थिए।

# सरकार स्थानीय चुनावसम्मै : एमाओवादी

**राजधानी समाचारदाता**
काठमाडौं, ३० पुस

एकीकृत नेकपा माओवादीले वर्तमान सरकारलाई स्थानीय निकायको चुनावसम्म टिकाउने रणनीति लिएको जनाएको छ।

आगामी २ वर्षमा स्थानीय निकायको निर्वाचन गराउने तयारीमा सरकार लागेको भन्दै एमाओवादीले निर्वाचनसम्म यो सरकार नढाल्ने नीति अवलम्बन गरेको जनाएको छ। यस्तै, एमाओवादी नेता तथा कार्यकर्तालाई अब हुने प्रादेशिक निर्वाचन तथा स्थानीय निकायको निर्वाचनका लागि जुट्न निर्देशनसमेत गरेको छ।

एमाओवादीले बिहीबार काठमाडौंमा आयोजना गरेको पार्टीको ३ नम्बर प्रदेशको वैचारिक तथा राजनीतिक प्रशिक्षण कार्यक्रममा अध्यक्ष पुष्पकमल दाहाल र महासचिव कृष्णबहादुर महराले वर्तमान सरकारको निरन्तरता स्थानीय निर्वाचनसम्म हुनुपर्नेमा जोड दिँदै निर्वाचनको तयारीमा जुट्न कार्यकर्तालाई निर्देशनसमेत दिएका छन्। कार्यक्रममा उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भने सरकार र पार्टीका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूको कार्यशैलीमाथि आलोचना गरेको प्रशिक्षणमा सहभागी एक नेताले जानकारी दिए।

अध्यक्ष दाहालले कांग्रेसलाई पनि सरकारमा सामेल गराएर राष्ट्रिय सहमतिको सरकारमा आउन आह्वान पनि गरेका छन्। 'कांग्रेस सरकारमा सहभागी भए संविधान कार्यान्वयन र राष्ट्रिय स्वाधीनताका लागि सहज हुन्छ,' उनले भने, 'तिन पार्टीबिच मधेसको समस्या समाधान गर्न छलफल भइरहेको छ।'

प्रशिक्षणमा अध्यक्ष दाहालले ठुलाठुला शक्तिले ठुलाठुला धम्की दिए पनि त्यस्ता चुनौतीको सामना गरेर परिवर्तनकामी र रूपान्तरण चाहने शक्तिबाट मात्रै संविधान बन्न सफल भएको र संविधान बन्नु पार्टीको ठुलो जित भएको समेत उल्लेख गरे।

उनले पार्टीमा मोहन वैद्य किरणसँगै भएको भए संविधान बन्न नदिने र बाबुराम भट्टराई हुँदा पार्टी बन्न नदिने स्थिति रहेको स्मरण गर्दै संविधानका लागि पार्टी नै सक्किए सकियोस् भनेर बाबुरामलाई रोजेको र संविधान निर्माण सफलसमेत भएको उल्लेख गरे। अझै दुई वर्षसम्म पार्टी नेतृत्व नछाड्ने स्पष्ट संकेतसमेत उनले नेता तथा कार्यकर्तालाई दिएका थिए।

'योभन्दा अगाडि हामीबाट थुप्रै गल्ती पनि भएका छन्, पार्टी रूपान्तरणको सुरुआत म आफैंबाट सुरु गरिसकेको पनि छु,' प्रशिक्षण कार्यक्रममा कार्यकर्ताबिच अध्यक्ष दाहालले भने, 'अब पार्टी निर्माण र रूपान्तरणका लागि अझै दुई वर्ष म आफैं खट्छु।'

पहिलो संविधानसभाको निर्वाचनमा पार्टी ठुलो भए पनि दोस्रो निर्वाचनमा पार्टीले थोरै सिट मात्र जित्न नसकेकोमा उनले हारपछि उल्टै जित सुरु भएको टिप्पणी गरे। '१६ बुँदे सहमतिले संविधान बन्यो, भूकम्पमा हामीले सरकारलाई नै सहयोग गर्‍यौं, कांग्रेस एमालेलाई राष्ट्रपति प्रधानमन्त्री दिने प्रतिबद्धता गरेर भए पनि संविधान बनायौं,' उनले भने, 'संविधान बन्नु भनेको हाम्रो ठुलो जित हो।'

## संविधानलाई प्रतिगामी भन्नेसँग एकता गाह्रो : दाहाल

एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले वर्तमान संविधानलाई प्रतिगामी संविधान भन्नेसँग पार्टी एकता सम्भव नरहेको बताएका छन्।

पछिल्लो पटक मोहन वैद्य किरण नेतृत्वको नेकपा-क्रान्तिकारी एमाओवादीसँग पार्टी एकताको विषय चलिरहेको बेला दाहालले भने यो संविधानलाई नै स्वीकार नगर्नेसँग पार्टी एकता निक्कै गाह्रो रहेको बताएका हुन्। 'यति धेरै दुःख गरेर संविधान ल्याइयो,' दाहालले प्रशिक्षणमा भनेको भनाइ उद्धृत गर्दै एक नेताले भने, 'व्यक्तिगत रूपमा पनि ठुलाठुला धम्की आए, नडराई संविधान बनाउन लागियो, फेरि यही संविधानलाई प्रतिगामी भनी भनी चाहिँ एकता गर्न सकिन्न।' यद्यपि, दाहालले वैद्य माओवादी र मातृका नेतृत्वको माओवादीसँग पार्टी एकताको विषय सकारात्मक ढंगले अघि बढिरहेको पनि खुलाए। उनले विप्लव माओवादीभित्रबाट पनि पार्टी एकीकरणको विषय उठ्न थालेको भन्दै अब पार्टी रूपान्तरण र एकताको खाँचो रहेको समेत उल्लेख गरेका छन्। दाहालले पार्टी रूपान्तरण नभए पार्टी र राष्ट्रको भविष्य नै नरहने समेत बताए। 'अब पार्टी रूपान्तरण नहुने हो भने पार्टी र राष्ट्र दुवैको भविष्य धरापमा पर्छ,' दाहालले भने, पार्टी रूपान्तरण जरुरी छ, अब समाजवादी क्रान्तिको थालनी गर्नुपर्छ र त्यसको नेतृत्व पार्टीले लिनुपर्छ।

केन्द्रीय समितिको बैठकले समाजवादी क्रान्तिको आधार तयार पारेको र सोही आधारमा विचारको विकास गर्न जरुरी रहेको उनको जोड थियो।

दाहालले समाजवादको आधारका लागि तल्लो तहमा मजदुर र किसानको संयन्त्र निर्माण गर्नुपर्ने भन्दै 'समाजवाद निर्माणको अभियानका लागि जनतामा गएर नै सहिद तथा बेपत्ता योद्धाहरूको सपना पूरा गर्न सकिने पनि बताए।

## विकासको जिम्मेवारी प्रत्येक नागरिकको : थापा



**बाजुरा/रास-** नेकपा एमालेका वैकल्पिक पोलिटब्युरो सदस्य तथा सांसद कर्णबहादुर थापाले देशको विकास गर्ने जिम्मेवारी प्रत्येक नागरिकको भएको बताएका छन्। निर्वाचन क्षेत्र विकास कोष विनियोजन गर्न जिल्ला आएका थापाले जिल्लाको विकासका लागि काम सुरु गर्ने बेला भएको बताए। यो वा त्यो बहानामा रकम फ्रिज गर्नुको साटो जिल्लामा आवश्यक योजनामा रकम विनियोजन गरी समयमा काम सक्न जिल्लाका सरकारी कार्यालयका प्रमुखलाई निर्देशन दिए।

बडिमालिका नगरपालिकाको दोस्रो परिषद् उद्घाटन गर्दै बिहीबार थापाले सो कुरा बताएका हुन्। सो क्रममा उनले भारतले गरेको अघोषित नाकाबन्दीको विरोधसमेत गरे। यस्तै, मधेसमा आन्दोलनरत दलहरूलाई वार्ताबाटै समस्या सुझाउन अनुरोधसमेत गरे। सोही कार्यक्रमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा सांसद बद्रीप्रसाद पाण्डेले संविधान बनिसकेकाले देश विकासमा लाग्नुपर्ने बताए।

## घुस रकमसहित इन्जिनियर पक्राउ

**राजधानी संवाददाता**
नवलपरासी, ३० पुस

जिल्ला प्राविधिक कार्यालय नवलपरासीका एकजना सबइन्जिनियर ३० हजार रुपैयाँ घुस लिँदालिँदै पक्राउ परेका छन्।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको सम्पर्क कार्यालय बुटवलको टोलीले यादवलाई बिहीबार रंगेहात पक्राउ गरेको हो। पक्राउपर्नेमा सप्तरी देउरी-३ निवासी जिल्ला प्राविधिक कार्यालय नवलपरासीका एक सबइन्जिनियर मनोजकुमार यादव रहेको अख्तियारको सम्पर्क कार्यालय बुटवलका प्रमुख एवं प्रहरी उपरीक्षक उमेशराज जोशीले जानकारी दिए।

नवलपरासीको कावासोतीमा यादवले कल्भर्टको लागत स्टिमेट बनाइदिने भन्दै ३० हजार रुपैयाँ घुस मागेको उजुरी परेपछि अख्तियारको टोली परिचालित भएको थियो।

मधेस आन्दोलन र नाकाबन्दीको समयमा पनि अख्तियारको बुटवल कार्यालय सक्रिय छ। मधेस आन्दोलनको समयमा आन्दोलनको समस्या देखाएर पनि भ्रष्टाचार हुनसक्ने भएकाले अनुगमन जारी राखेको अख्तियारको बुटवल कार्यालयले जनाएको छ।

नवलपरासीमा यतिबेला जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिको बजेटबाट विकास निर्माणका काम भइरहेका छन्।

## सम्पादकीय

# वार्ता छिटो निष्कर्षमा पुऱ्याऊ

**असोज ३ मा जारी नयाँ संविधानमा असन्तुष्टि जनाउँदै तराई–मधेसमा सुरु भएको आन्दोलनले आज पाँच महिना पुग्न लाग्दासमेत विश्राम लिने छाँट देखाएको छैन। पटक–पटकका वार्ता विभिन्न बहाना र अडानका कारण असफल बन्दै आउनुले समस्याको निकासभन्दा पनि समस्यालाई जटिलतातिर लैजान खोजेको आभास भइरहेको छ। देश दिनानुदिन संकटको भुमरीमा फस्दै गएको छ भने जनजीवन सही नसक्नु पीडा बोकेर बाँच्न विवश छ। मधेस आन्दोलनको असर राजनीतिक मात्र नभएर आर्थिक क्षेत्र, शैक्षिक र समग्र मानवीय पक्षमा समेत परिसकेको छ। यही आन्दोलनको कारण देखाउँदै भारतले लगाएको नाकाबन्दीका कारण मुलुक भयावह आर्थिक संकटमा त फसिसकेकै छ। अझै संकटको दलदलमा फस्न नदिन पनि अब निर्णायक वार्तामा नबसी आन्दोलनरत दल र सरकारका लागि अर्को विकल्प देखिँदैन।**

**आन्दोलनरत मधेसी मोर्चाले उठाएका मागहरूको सम्बोधन गर्ने हरसम्भव प्रयास सरकारी तवरबाट हुनुपर्छ। यद्यपि, यस विषयमा सरकारी अग्रसरताले मात्र निर्णायक कार्य गर्न सक्दैन किनभने मोर्चाका माग सम्बोधनका लागि संविधान संशोधन गर्नैं पर्ने हुन्छ। संविधान संशोधनका लागि संसद्मा रहेका अन्य दलहरूको पनि सहभागिता जरुरी हुन्छ। यसर्थ, संसद्मा रहेका प्रमुख प्रतिपक्षी दललगायतका दलहरूको क्रियाशीलता पनि प्रभावकारी ढंगले हुनुपर्छ। मोर्चाले उठाएका मागका विषयमा प्रमुख भनिएका तिन दलका बिच बारम्बार छलफल भइरहेका छन् तर उनीहरूबाट ठोस निर्णयहरू आउन सकिरहेका छैनन्। अर्कातर्फ आन्दोलनरत दलहरू पनि आफूभित्रै एक मत बनाउन नसकिरहेको आभास हुन थालेको छ। आन्दोलनरत मोर्चाका नेताहरूका फरक–फरक धारणा र अभिव्यक्तिले यस कुरालाई पुष्टि गर्दछन्।**

**सरकार, प्रमुख प्रतिपक्ष र आन्दोलनरत मोर्चा सम्बद्ध दलहरू सबैको उद्देश्य राष्ट्रिय हित, विकास, समृद्धि र जनभावनाको कदर गर्नु नै हो भने उनीहरूले त्यहीअनुसारको व्यवहार देखाउनु जरुरी छ। जिम्मेवारी र कर्तव्यसहितको राजनीतिले मात्र उल्लिखित उद्देश्य पूरा हुन सक्छ। यसर्थ सम्बन्धित सबै पक्षले आफ्नो दायित्व र कर्तव्यप्रति इमानदार हुनु आवश्यक छ। अहिले संविधान संशोधन प्रक्रिया 'वार्ता'को नाममा स्थगित छ। माघ ४ गतेसम्ममा आन्दोलनरत पक्ष र सरकारबिचको वार्ता टुंग्याएर माघ ५ मा बस्ने व्यवस्थापिका संसद्को बैठकमा संविधान संशोधन प्रक्रियालाई अगाडि बढाउने प्रमुख राजनीतिक दलहरूको निर्णय भइसकेको छ। यद्यपि, वार्तालाई निष्कर्षमा पुऱ्याउने ठोस योजना सरकारले अगाडि सार्न सकेको भने दखिँदैन। आन्दोलन, नाकाबन्दी, बन्द र हडतालबाट पीडित आमनागरिकको आह्वान छ– यो कष्टसाध्य पीडाबाट मुक्ति देऊ, चाँडै अमनचयनको वातावरण बनाऊ, वार्ता सफल बनाऊ।**

# ओली सरकार पहिलो गाँसमै ढुंगा



■ श्रीप्रसाद प्रसाईं

नयाँ संविधान लागू भएपछि नेपाल वैधानिक रूपमा संघीय लोकतान्त्रिक गणतान्त्रिक राज्यमा परिणत भएको करिब चार महिना बित्न लागेको छ। गणतान्त्रिक संविधान नेपालीको आशा र भरोसाकै केन्द्रबिन्दु थियो। तर आठ वर्षको निरन्तर कसरतपछि ल्याइएको संविधानले सम्पूर्ण नेपाली जनतालाई भावनात्मक रूपमा समेट्न सकेन। संविधानप्रति असन्तुष्ट मधेसकेन्द्रित दलहरूले सञ्चालन गर्दै आएको विरोध, यसै सन्दर्भमा भारतीय पक्षबाट भएको अघोषित नाकाबन्दी, नाकाबन्दी तथा विरोधका गतिविधिबाट जनतामा उत्पन्न भएको संकट, सामाजिक जनजीवन र शान्ति सुरक्षामा आएको ह्रास तथा यसबाट मुलुकको विविध क्षेत्रमा पर्न गएको प्रभावलाई हेर्ने हो भने नयाँ संविधानपछि गठन भएको पहिलो सरकार राज्यमा उत्पन्न भएका समसामयिक चुनौतीको सामना गर्न पूर्ण रूपमा अक्षम प्रमाणित भएको छ। जनतालाई लोकतान्त्रिक सरकारको व्यावहारिक अनुभूति दिलाउन सरकार असफल बनेको छ। निराशाजनक सरकारको कार्यशैलीकै आधारमा मुलुक अहिले सरकारविहीन अवस्थामा छ भन्दा धेरैलाई आश्चर्य लाग्न सक्ला। वास्तवमा सरकार नभएको भने होइन। ६/६ जना उपप्रधानमन्त्रीसहित ४० जनाको मन्त्रीमण्डल हाल कार्यरत छ। तर, विद्यमान मन्त्रीमण्डलले व्यावहारिक रूपमा सरकारको अनुभूति दिलाउन सकेको छैन। सरकार सञ्चालनको दायित्व लिएका प्रधानमन्त्री नाटक मञ्चन गर्नमै व्यस्त छन्। उपप्रधानमन्त्रीलगायत मन्त्रीमण्डललाई नियन्त्रण गर्नु भन्दा चटकेको शैलीमा आफ्नो अक्षमतालाई ढाकछोप गर्दै दिनप्रतिदिन आकर्षक अभिव्यक्तिले नै प्रधानमन्त्रीले जनतालाई भुल्याइरहेका छन्। पदीय दायित्व बिर्सिएर मुलुकको समस्या हेरी मनोरञ्जन लिने प्रधानमन्त्री न विगतमै कुनै थिए त त भविष्यमै कोही आउलान्। देश र जनताको बिचल्ली देख्दा रमाउने वर्तमान प्रधानमन्त्री नेपालको इतिहासकै पहिलो र अन्तिम हुन सक्छन्। मुलुकमा देखिएका समस्या हल गर्नुको सट्टा सरकारले नै जनतालाई थप भ्रमित बनाउने कार्य गर्दै छ। विगत तिन महिनाकै सरकारको कार्यशैलीलाई विविध पक्षबाट मूल्यांकन गर्ने हो भने सरकारको असफलता स्वतः प्रमाणित हुन आउँछ।

वर्तमान सरकारका सामु मधेस केन्द्रित दलको विरोध र नाकाबन्दी, भूकम्पपीडितको समस्या र पुनःस्थापन तथा सर्वसाधारण नागरिकको साँझ-बिहानको समस्या भन्दा सरकारबाहिरका दललाई सरकारलाई समर्थन गराउने र सरकारमा सामेल हुन बाँकी रहेका दलहरूलाई समेटी मन्त्रिमण्डल बिस्तारित गर्ने कुरा नै बढी महत्त्वपूर्ण मानिँदै छ। यस क्रममा मन्त्रीहरूलाई अटाउनकै लागि हालै थप गरिएको पशुपन्छी विकास मन्त्रालयलाई फुटाई घर पालुवा पशु विकास मन्त्रालय र वन्यजन्तु विकास मन्त्रालय बनाउने, खानेपानी तथा सरसफाइ मन्त्रालयलाई फुटाई खानेपानी मन्त्रालय र सरसफाइ मन्त्रालय बनाउने योजनामा सरकार तल्लीन रहको देखिन्छ। यसैगरी जनसंख्या तथा वातावरण मन्त्रालयलाई जनसंख्या मन्त्रालय र वातावरण मन्त्रालयमा परिणत गरी मन्त्रीलाई जिम्मेवारी तोकिदिने गृहकार्यमा सरकार व्यस्त रहेको आभास हुँदै छ। जति मन्त्रालयहरू थप गरिन्छ, सो मातहत स्थापना हुने विभाग र कार्यालयहरू भने आफ्नो काम कर्तव्यबाटै विमुख बन्दै जाने क्रम पनि दिनानुदिन बढ्दै छ। केही सीमित सरकारी कार्यालयदेखिबाहेक अधिकांश कार्यालयको कार्यसम्पादन प्रक्रिया निराशाजनक छ। यसरी राज्य प्रशासन नै निष्क्रिय बनाउनुको मुख्य कारण नियन्त्रण गर्ने संयन्त्र सक्रिय नहुनु हो। राज्य प्रशासन कसरी अनियन्त्रित बन्दै छ भन्ने कुरा बुझ्नका लागि उपप्रधानमन्त्री र मन्त्रीहरू प्रधानमन्त्रीको नियन्त्रणभित्र छन् कि छैनन् भन्ने कुरालाई मात्रै हेर्दा नै प्रष्ट हुन सक्छ। मन्त्रिमण्डलको यही दृष्टान्त नै मन्त्रालयका सचिवदेखि तल्लो तहका कर्मचारीहरूले पनि अनुशरण गरिरहेका छन्, जसको कारण मुलुकको प्रशासन वास्तविक प्रशासनको रूपमा प्रस्तुत हुन सकेको छैन।

**विद्यमान मन्त्रिमण्डलले व्यावहारिक रूपमा सरकारको अनुभूति दिलाउन सकेको छैन। सरकार सञ्चालनको दायित्व लिएका प्रधानमन्त्री नाटक मञ्चन गर्नमै व्यस्त छन्। उपप्रधानमन्त्रीलगायत मन्त्रिमण्डललाई नियन्त्रण गर्नुभन्दा चटकेको शैलीमा आफ्नो अक्षमतालाई ढाकछोप गर्दै दिन प्रतिदिन आकर्षक अभिव्यक्तिले नै प्रधानमन्त्रीले जनतालाई भुल्याइरहेका छन्।**

भूकम्पपीडितलाई राहत सुविधा प्रदान गर्ने जिम्मेवारी पाएका सरकारी निकायहरू अनेकौं छन्। तर उनीहरूलाई आफ्नो कार्य गर्न पनि अख्तियारले नै निर्देशन दिनुपर्ने अवस्था सिर्जना भएको छ। यति मात्र होइन, विभिन्न सरकारी निकायलाई अख्तियारले नै सजग गराउनुपर्ने अवस्था छ। मुलुकमा देखिएका समस्या हल गर्नुको सट्टा सरकारले नै जनतालाई थप भ्रमित बनाउँदै छ। विगत तिन महिनाकै सरकारको कार्यशैलीलाई विविध पक्षबाट मूल्यांकन गर्ने हो भने सरकारको असफलता स्वतः प्रमाणित हुन आउँछ।

**राजनीतिक अवस्था** : सत्ता सञ्चालन गर्ने दलहरूले मुलुकमा राजनीतिक समन्वय कायम राख्न सकेका छैनन्। राजनीतिक समन्वयबेगर सरकारका हरेक काम कार्यहरू प्रभावित हुन्छन् भन्ने कुराप्रति सत्तारूढ दलहरू संवेदनशील बनेका पाइँदैन। राजनीतिक समन्वय कायम गरी नयाँ संविधान ल्याएको भए राजनीतिक असन्तुष्टि, विरोधको परिणत हुने थिएन। सत्तामा पुग्ने मार्ग सुनिश्चित भएको देखी नेकपा एमालेले सत्तामा पुग्नासाथ अन्य सबै कुरा ठिक हुन्छन् भन्ने ठान्यो। यही स्वार्थपूर्ण सोचाइकै कारण संविधान घोषणाको कार्यलाई केही दिन थाँती राखी राजनीतिक असन्तुष्टि अन्त्य पार्नेतर्फ एमालेको ध्यान पुग्न सकेन। अहिले राजनीतिक सहमति नै सत्तारूढ दलको लागि समस्या बन्न पुग्यो। प्रतिपक्षलगायत सत्ताबाहिरका दलहरूसँग मात्र होइन, सत्तारूढ दलहरूबिच पनि राम्रो समन्वय नभएको कारण सत्तासीन व्यक्तिहरू अहिले लगामबिनाको घोडा जस्तै देखिन्छन्। सत्तासीनलाई लगाम लगाएर निर्दिष्ट बाटोमा डोऱ्याउने दायित्व प्रधानमन्त्रीकै हो। तर, प्रधानमन्त्री मन्त्रिमण्डललाई सुसंगठित पार्नमा भन्दा प्रोत्साहनकै थपडी बजाएर मन्त्रिमण्डलको नौटंकी हेर्नमा व्यस्त देखिन्छन्। प्रमुख प्रतिपक्ष दललाई जिम्मेवार प्रतिपक्षकै रूपमा प्रस्तुत गराउने भूमिका निर्माण गर्न सत्तारूढ दलहरू असफल बन्दै छन्। सत्ता शक्तिकै बलमा प्रतिपक्षलाई झुकाइ आफ्नो बसमा पार्ने सत्तासीन दलको दृष्टिकोण टिकाउ हुन सक्दैन। यसको अलावा मधेसका मुद्दासँग सम्बद्ध ठुलो जनसंख्याको अवधारणालाई वर्तमान सरकारले सामान्य ठान्दै आएको छ। यसप्रति अझै पनि सरकार संवेदनशील हुन सकेको देखिँदैन। वर्तमान राजनीतिक असहजताको जड बन्दै आएको मधेसकेन्द्रित दलहरूको मुद्दालाई यथाशीघ्र सम्बोधन गरी राजनीतिक समझदारीका साथ सरकार अगाडि नबढेसम्म वर्तमान सरकारले जनतालाई वास्तविक सरकारको व्यावहारिक अनुभूति दिलाउन सक्दैन।

**प्रशासनिक कार्य** : राज्य प्रशासन पछिल्लो समयमा जनताप्रति होइन, राजनीतिक दलप्रति उत्तरदायी बन्दै आएको छ। यो अवस्था देखापर्नु मुलुककै लागि दुर्भाग्य हो। लोकतान्त्रिक प्रशासन जनउत्तरदायी हुनुपर्दछ भन्ने मान्यतालाई राजनीतिक दलहरूले नै उपहास गरेका छन्। स्वच्छ, पारदर्शी एवं सर्वसुलभ प्रशासन राजनीतिक हस्तक्षेप भएसम्म असम्भव हुने भएकाले यस्तो नकारात्मक प्रवृत्तिलाई राजनीतिक दलहरूले नै अन्त्य गर्दै जानुको सट्टा झन् संरक्षण र प्रोत्साहन दिएको देखिन्छ। जनतालाई वास्तविक लोकतन्त्रकै अनुभूति दिलाउन कर्मचारी प्रशासन जनमुखी हुन आवश्यक छ। जनमुखी प्रशासनको लागि व्यावसायिक दक्षता अपरिहार्य ठानिन्छ। व्यावसायिक दक्षता अभिवृद्धि गराउन कर्मचारी प्रशासनलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइदिनुपर्दछ। तर, पछिल्लो समयमा कार्यालय सहायकदेखि सचिवसम्मकै नियुक्ति पदस्थापना, सरुवा, बढुवालगायतका प्रशासनिक सबै कार्यको लागि सत्तासीन दल र नेताको नजिक हुनै पर्ने यदि यसो हुन नसके प्रभावशाली दलको निकट बन्नै पर्ने अवस्था सिर्जना गरिएको छ। सिफारिस गर्ने नेताको स्तरअनुसारै कर्मचारी पनि स्वतः दक्ष ठानिने परिपाटीले गर्दा कर्मचारी प्रशासनमा व्यावसायिक दक्षता अभिवृद्धि गराउने प्रक्रियामा ह्रास आएको देखिन्छ। दलीय भागबन्डा र कोटामा सञ्चालित हुने कर्मचारी प्रशासन कहिल्यै पनि जनमुखी बन्न सक्दैन। मुलुकमा अहिले यही अवस्था व्याप्त रहेकाले मुलुकको प्रशासनिक क्षेत्र नै प्रभावित बनेको छ। यसमा सुधार ल्याउनेतर्फ सरकारको कुनै चासो देखिँदैन।

**आर्थिक अवस्था** : मुलुकको अर्थतन्त्र अहिले कुन अवस्थामा पुगेको छ तथा जनताको जीवनस्तर कसरी गुज्रिरहेको छ भन्ने कुरा कसैको नजरबाट लुकेको छैन। लोकतन्त्र पुनःस्थापना भएको आठ वर्ष बित्न लाग्दासमेत जनताको जीवनस्तरमा सुधार आउनु त कता हो कता उल्टै झन्झन् गरिबीकै दलदलमा डुब्दै आएको कुरा सर्वविदितै छ। यस्तै पृष्ठभूमिमा आइलागेको प्राकृतिक विपत्तिले जनतालाई थप आर्थिक संकटमा पाऱ्यो। भूकम्पको मारमा परेका सर्वसाधारण नागरिकलाई सरकारले पुऱ्याउनुपर्ने सहयोग अझसम्म घोषणामै सीमित छ। यसैमाथि भारतीय अघोषित नाकाबन्दीबाट उत्पन्न तनावले गर्दा नेपाली जनताको जीवनस्तर अत्यन्त नाजुक बन्न पुगेको कुरा सबैमा विदितै छ। तर, सरकारलाई जनताको वास्ता छैन। भोकानांगा जनतालाई खाना र लुगा कपडा प्रदान गर्नु भन्दा सत्तामा रहेका र सत्ताको स्वाद लिएर सुविधा सम्पन्न जीवन बिताइरहेका पूर्वराजनीतिक पदाधिकारीलाई सुविधा थप गर्ने कुरालाई सरकार प्राथमिकता दिने गर्दछ। सर्वसाधारण नागरिकको आर्थिक अवस्था दिनानुदिन नाजुक बन्दै गएको छ भने राजनीतिक कार्यकर्ता, नेता तथा सत्तासीन व्यक्तिहरू भने रातारात अमीर र सम्पन्नशाली बन्दै छन्। यस्तो असमान अर्थनीति अवलम्बन गर्ने प्रवृत्ति कायम रहेसम्म नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउने कुरा प्रधानमन्त्रीले व्यक्त गर्ने आकर्षण बोलीमै सीमित रहनेबाहेक व्यवहारमा परिणत हुने सम्भावना देखिँदैन।

**सामाजिक अवस्था** : मुलुकको विद्यमान सामाजिक अवस्था दयनीय बन्दै गएको छ। एकपछि अर्को समस्या थपिनु, गरिबी र बेरोजगारी बढ्दै जानु, रोजगारीको वैकल्पिक व्यवस्था हुन नसक्नु, दक्ष जनशक्ति बिदेसिनु, परावलम्बी प्रवृत्तिले बढावा पाउनु, शीर्षस्थ नेताकै प्रशिक्षणबाट पारंगत भएका दलका नेता कार्यकर्ताबाटै जनताको नामबाट ठग्ने, भ्रष्टाचार गर्ने कार्यले बढावा पाउँदै जानु, भ्रष्ट व्यक्तिलाई राजनीतिक संरक्षण दिइनु सत्तासीन र सर्वसाधारणबिच कानुनी विभेद गरिनु जनअपेक्षामा तुषारापात हुनु जस्ता अहिलेको प्रमुख सत्ता विशेषताले सामाजिक अवस्था झन्झन् अन्योलग्रस्त बनाउँदै छ।

**फितलो कूटनीतिक** : वर्तमान सरकारको कूटनीतिक सम्बन्ध अत्यन्त तल्लो स्तरको छ भन्ने कुरो छिमेकी मुलुक भारतसँगको हालैको व्यवहारबाटै प्रमाणित भएको छ। भारतस्थित सरकारी कूटनीतिज्ञ निकम्मा सावित भएका छन्। मित्र राष्ट्रलाई प्रभावित बनाई कार्यसम्पादन गराउन व्यक्ति-व्यक्तिबिच, समकक्षी-समकक्षीबीच र सरकार-सरकारबीच अन्तर मनोभावना एवं सरकारी नीतिका बारेमा गहन अध्ययन गर्न सरकारी कूटनीतिज्ञहरू भारतको सन्दर्भमा असफल भएका छन्। नेपाली पक्षबाट भएको सतही कुराकानी र कूटनीतिक व्यवहारको जवाफ भारतले पनि सतही रूपमै दिएको छ। राजदूतदेखि परराष्ट्रमन्त्री स्तरीयसम्म भएका पटक-पटकका वार्ता र प्रयास केवल हात मिलाउन र फोटो सेसन गर्नमै सीमित हुन पुगेका छन्। तर नाकाबन्दीको समस्या चाँडै अन्त्य हुन्छ भनी भारतीय पक्षबाट आएको आश्वासनको आसय नै नेपालले बुझ्न सकेन। यस सन्दर्भले सरकारको कूटनीतिक सम्बन्ध प्रभावकारी एवं गहन नभएको प्रमाणित हुन्छ। यसर्थ संविधानसभाबाटै मुलुकको संविधान निर्माण गर्ने र यसरी निर्माण गरिएको संवैधानिक प्रक्रियाबाटै जनताको चाहनाअनुसार राज्य सञ्चालन गर्ने ६५ वर्ष अगाडिको जनचाहना अहिले औपचारिक रूपमा पूरा भएको देखिए पनि व्यावहारिक रूपमा पूरा हुन सकेन। संविधानकै प्रावधानअनुसार गठन भएको पहिलो लोकतान्त्रिक सरकारको उपरोक्तअनुसारको गैरजिम्मेवारीपूर्ण कार्यशैलीले वर्तमान सरकार जनताको लागि पहिलो गाँसकै ढुंगा बन्न पुगेको छ।

# राष्ट्रिय सूचना आयोगका महत्त्वपूर्ण फैसला



■ कृष्णहरि बाँस्कोटा

चालू आर्थिक वर्ष २०७२/०७३ को प्रथम ६ महिनाको अवधिमा राष्ट्रिय सूचना आयोगले महत्त्वपूर्ण निर्णयहरू गरेको छ। बाली संरक्षण अधिकृत पदको अन्तर्वार्तामा सम्मिलित सूचना मागकर्ता केशवप्रसादसहित सबै सातै जनाको प्राप्तांक उपलब्ध गराउन आयोगले लोकसेवा आयोगको नाममा आदेश जारी गरेको छ। यसमा आयोगले लोकसेवा आयोग ऐन, २०६६ को उपदफा (२) अनुसार 'परीक्षासम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न सकिने छ' भन्ने कानुनी व्यवस्थालाई शीघ्र कार्यान्वयनमा ल्याउन आग्रह गरिएको छ। यसैगरी लोकसेवा आयोग सार्वजनिक निकाय भएको र परीक्षा लिनु, परीक्षाफल प्रकाशित गर्नु र योग्य उम्मेदवारको सिफारिस गर्नु सो आयोगका नियमित र मुख्य दायित्व हुन्। विनाप्राप्तांक परीक्षाफल प्रकाशित गर्दा परीक्षामा सहभागीहरू महत्त्वपूर्ण सूचनाबाट वञ्चित हुने हुँदा यस्ता सूचना आफैंले प्रकाशित गर्नु सो निकायको दायित्वभित्र पर्ने आयोगको ठहर छ। हालका दिनमा कैयौं मुलुकका लोकसेवा आयोगले प्राप्तांक उपलब्ध गराउने गरेका छन्। यसका अतिरिक्त लोकसेवा आयोगले समाजमा जुन प्रकारको निष्पक्ष छवि निर्माण गरेको छ, यसमा थप पारदर्शिताको अवलम्बनले यसको पवित्रतामा बढोत्तरी हुने पनि आयोगको ठहर छ। यसैगरी नेपाल बैंक लिमिटेडको खुला परीक्षामा सम्मिलित उम्मेदवार एवं सूचना मागकर्ता गोविन्दप्रसाद दाहालको मुद्दामा पनि आयोगले मागअनुसार उत्तरपुस्तिका एवं प्राप्तांकसम्बन्धी सूचना उपलब्ध गराउन आदेश जारी गरेको छ। यसका अतिरिक्त घरेलु तथा साना उद्योग विकास समितिमा बढुवासम्बन्धी सूचना माग गर्ने विनोदकुमार कार्कीलाई मागअनुसारको सूचना उपलब्ध गराउन आयोगले आदेश जारी गरेको छ।

गौर निवासी रवीन्द्र शाहले महिला तथा बालबालिका कार्यालयबाट सो कार्यालयको बजेटसम्बन्धी सूचना हासिल गर्न नसकी आयोगमा पुनरावेदन गरेकाले मागअनुसारको सूचना उपलब्ध गराउन आदेश भएको छ। यस्ता सूचना पनि सूचना अधिकारी र कार्यालय प्रमुखले उपलब्ध गराउन नसक्नुले सुशासन र पारदर्शिताको स्थितिलाई बोध गराउँछन्। यसैगरी कपिलवस्तुका मोहम्मद इद्रिसले कपिलवस्तु नगरपालिकासँग बाटो निर्माणको काम रोक्का गर्नेसम्बन्धी माग गरेको सूचना 'उपलब्ध गराउनू' भनिएको छ। सामान्यतः सार्वजनिक पदमा रहने पदाधिकारीको स्वविवेकी अधिकारलाई कसरी पारदर्शी र उत्तरदायी तुल्याउने भन्ने विषयमा गहन चिन्तन हुन जरुरी छ। रौतहटका सञ्जयप्रसाद यादवले श्री माध्यमिक विद्यालयसँग माग गरेको शिक्षक नियुक्तिसम्बन्धी सूचना उपलब्ध गराउन पनि आयोगले आदेश जारी गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायमा रहेको सूचनामा नागरिकको पहुँचलाई सुनिश्चित गरेको छ। यसअनुसार राजीव खत्रीले माग गरेअनुसार नेपाल स्काउटको राष्ट्रिय परिषद् र राष्ट्रिय कार्य समितिका बैठकका निर्णयहरू उपलब्ध गराउन आयोगले आदेश जारी गरेको छ। यसैगरी बारा मझरियाका निरञ्जनकुमार साहले माग गरेको तत् गाविस परिषद्को निर्णय र वितरण गरिएको सामाजिक सुरक्षा भत्तासम्बन्धी सूचना मागकर्तालाई उपलब्ध गराउन भनिएको छ। यस प्रकारका सूचना पनि हालसम्म स्वतः प्रकाशनको दायराभित्र नआएकोमा हामी संवेदनशील हुनै पर्छ।

**मुलुकमा सुशासन कायम गरी सर्वसाधारण जनताले सरकारी कार्यालयबाट सहज रूपमा सेवा हासिल गर्न सकून् भन्ने ध्येयले राष्ट्रिय सूचना आयोगले ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीको नाममा आ–आफ्नो जिल्लामा कार्यरत सरकारी कार्यालयहरूको नागरिक वडापत्र संकलन गरी सोको संगालो प्रकाशित गरी गाउँ–गाउँका जनतामा पुऱ्याउन आदेश जारी गरेको छ।**

इन्टिसच्युट अफ मेडिसिन (आईओएम) ले लिएको परीक्षाको उत्तरपुस्तिका हेर्न ४ हजार दस्तुर लाग्ने निर्णयसम्बन्धी सूचना सागर जोशीले माग गरेकाले उपलब्ध गराउन आयोगले आदेश जारी गरेको छ। सामान्यतः कुनै पनि सूचना उपलब्ध गराउँदा 'लागत'सम्म लिन पाइने विश्वव्यापी सिद्धान्त छ। साथै प्रत्येक निकायले आफूले तोकेको यस्तो दस्तुर प्रत्येक दुई/दुई वर्षमा पुनरावलोकन गरी घटाउँदै वा हटाउँदै जानुपर्छ। अत्यधिक दस्तुर माग गरेको विषयमा आयोगमा उजुरी गर्न सकिने कानुनी व्यवस्था छ। यस्ता मुद्दामा आयोगले दस्तुर पुनरावलोकन गर्न आदेश दिन सक्छ।

मुलुकमा सुशासन कायम गरी सर्वसाधारण जनताले सरकारी कार्यालयबाट सहज रूपमा सेवा हासिल गर्न सकून् भन्ने ध्येयले राष्ट्रिय सूचना आयोगले ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीको नाममा आ-आफ्नो जिल्लामा कार्यरत सरकारी कार्यालयहरूको नागरिक वडापत्र संकलन गरी सोको संगालो प्रकाशित गरी गाउँ-गाउँका जनतामा पुऱ्याउन आदेश जारी गरेको छ। यसअनुसार नागरिक वडापत्रको संगालो प्रकाशित हुने क्रमले तीव्रता लिएको छ। आयोगमा विविध किसिमका सूचना मागका पुनरावेदन पर्नु स्वाभाविकै हो। यसअनुसार आयोगले पनि पुनरावेदनको गहन अध्ययन गरी औचित्य र कानुनको आधारमा सूचना उपलब्ध गराउन आदेश जारी गर्दै आएको छ। यसै क्रममा नेपालगन्जका बलबहादुर चन्द र अर्जुनप्रसाद जैसीको मागअनुसार निर्माणाधीन स्वास्थ्य केन्द्रको ठेक्का-पट्टालगायतको सूचना दिन आदेश गरिएको छ। यसैगरी बाँकेका नारायण पाल गडरियाको मागअनुसार जयमंगल सिमेन्ट उद्योग, बालाजी कत्था उद्योग, वागेश्वरी आइरन स्टिल, खनाल कोजिन एन्ड टर्पेन्टाइन र केएल दुगड ग्रुप उद्योगसँग उद्योगसम्बन्धी जानकारी र आदर्श माविको सटर भाडालगायतका सूचना दिन आदेश भएको छ। यसका अतिरिक्त नेपालगन्जका सुरजसिंह ठाकुरको मागअनुसार मंगलप्रसाद उच्च माविको बजेट, अर्घाखाँचीका मुक्तिनाथ भुसालको मागअनुसार गोरुसिंगे-सन्धिखर्क सडकलगायतको सूचना, नवलपरासीका परमेश्वर धरिकारको मागअनुसार जनता निमाविको पदपूर्तिसम्बन्धी सूचना, महोत्तरीका राजकिशोर साहको मागअनुसार जनता माविको व्यवस्थापन समिति गठनलगायतका सूचना, रौतहटका शैलेन्द्र झाको मागअनुसार जिविसको बजेटसम्बन्धी सूचना, काठमाडौंका सञ्जयदेव महर्जनको मागअनुसार चन्द्रागिरि नपाको स्थापनाकालदेखिको खरिदसम्बन्धी सूचना, बाराका निमेषकुमार तिम्सिनाको मागबमोजिम जिल्ला जनस्वास्थ्य कार्यालयको विज्ञापन खर्चसम्बन्धी सूचना, दोलखाका विश्वनीति प्रकाशमान सिंह पाख्रिनको मागअनुसार खानेपानी तथा ढल निकास विभागको खरिदलगायतको सूचना र सुनसरीका विष्णुप्रसाद ढकालको मागबमोजिम इटहरी उपमहानगरपालिकाले दिएको पेश्की रकमसम्बन्धी सूचना उपलब्ध गराउन सम्बन्धित पदाधिकारीलाई आदेश जारी भएको छ।

राष्ट्रिय सूचना आयोगले पञ्चेश्वर विकास प्राधिकरणको विधान उपलब्ध गराउन सो आयोजनाका प्रमुखको नाममा आदेश जारी गरेको छ। यसैगरी माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको विकास सम्झौता (पीडीए) उपलब्ध गराउन लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको नाममा आदेश जारी भएको छ। यी आदेश जारी गर्दा आयोगले सूचनाको हकको विभिन्न मान्यता र दृष्टान्त प्रस्तुत गरको छ। यसैगरी आयोगले बाराको नेपाल राष्ट्रिय नमुना मावि र जनता माविलाई विद्यालयको स्रोतसहितको सूचना दिन, उच्च मावि शिक्षा परिषद्लाई परीक्षार्थीको प्राप्तांक उपलब्ध गराउन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निःशुल्क औषधिलगायतका सूचना दिन, जिल्ला प्रशासन कार्यालय सुनसरीलाई प्रजिअले अध्यक्षता गर्ने निकायको सूची उपलब्ध गराउन, पशुपति क्षेत्र विकास कोषलाई त्रैमासिक आयव्ययलगायतको सूचना दिन, बाराको श्री ३ चन्द्र उच्च माविलाई विद्यालयको आर्थिक स्रोत उपलब्ध गराउन, नेपाल खानेपानी संस्थान धरान शाखालाई महसुलबाट प्राप्त विवरणसम्बन्धी सूचना दिन, अभियान नेपाल रौतहटलाई आफ्ना आयव्ययसम्बन्धी सूचना दिन र कटकुहया लक्ष्मणपुर, नैरनपुर, गंगापुर, मटेहिपा, कालाफाटा, बैजापुर, बिजौना तथा फत्तेरूप गाविस बाँकेलाई विद्युतीकरणसम्बन्धी सूचना दिन आयोगबाट आदेश जारी भएको छ। यसैगरी आयोगले कृषि अनुसन्धान केन्द्र पाख्रिवासलाई आफ्ना कर्मचारीको विवरण उपलब्ध गराउन र जिविस अर्घाखाँचीलाई आफूले आयोजना गरेका सेमिनारलगायतको सूचना दिन आदेश जारी भएको छ। यसका अतिरिक्त फ्रिडम फोरमका तारानाथ दाहालसमेतको मागअनुसार एलपीसीडीपीद्वारा सञ्चालित तालिम कार्यक्रमसम्बन्धी सूचना उपलब्ध गराउन ४७ ओटा जिविसमा छुट्टाछुट्टै आदेश जारी भएको छ। कुल ११८ नपालाई पनि एलजीसीडीपी कार्यक्रमसम्बन्धी सूचना उपलब्ध गराउन आयोगबाट आदेश जारी भएको छ।

यसैगरी फ्रिडम फोरमका तारानाथ दाहालसहितले सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धमा भए गरेका गतिविधिसहितको सूचना माग गरेकाले आयोगबाट ५० ओटा जिल्ला स्वास्थ्य कार्यालयका नाममा सूचना छुट्टाछुट्टै आदेश जारी भएको छ।

यसैगरी आयोगबाट विजयपुर अस्पताल धरानलाई आफ्ना कर्मचारीको विवरण र एम्बुलेन्ससम्बन्धी सूचना दिन, पशुपति क्षेत्र विकास कोषलाई इलेक्ट्रिक कमेटोरियमसम्बन्धी सूचना दिन, चतुर्भुजेश्वर जनता उच्च माविलाई आफ्नो बजेटसम्बन्धी सूचना दिन र नापी कार्यालय कलंकी काठमाडौंलाई सडक मासिन गएको सम्बन्धी सूचना उपलब्ध गराउन आदेश जारी भएको छ। साथै फ्रिडम फोरमका तारानाथ दाहालसमेतले निर्वाचन क्षेत्र विकास कार्यक्रमको बजेटसम्बन्धी माग गरेको सूचना उपलब्ध गराउन जिविस जुम्ला, रौतहट, सुनसरी, मुगु, नवलपरासी, रुकुम र धादिङको नाममा आदेश जारी भई गएको छ। यस अतिरिक्त निर्वाचन आयोगमा दर्ता भएका १ सय ८० ओटा राजनीतिक दलको नाममा तिन/तिन महिनामा विवरण सार्वजनिक गर्न, सूचना अधिकारी तोक्न र सूचना मागको छुट्टै विवरण राख्न आदेश जारी भई गएको छ। यसरी सूचना मागका सन्दर्भमा परेका पुनरावेदन उपर राष्ट्रिय सूचना आयोगले सम्बन्धित पदाधिकारीहरूलाई मागअनुसार सूचना दिई नागरिकको सूचना माग्ने र पाउने संवैधानिक र कानुनी हकको उच्च सम्मान गर्न विशेष क्रियाशीलता अपनाइरहेको छ।

## दक्षिण एसिया

# धन्यवाद न्यायपालिका

सर्वोच्च अदालतले तमिलनाडुमा परम्परागत साँढे युद्ध (जल्लिकट्टु) माथि रोक लगाइदिएको छ। उता गुहावटी उच्च अदालतले पनि बिहुको अवसरमा साँढे जुधाउने खेलमाथि प्रतिबन्ध लगाएको छ। यदि साँढेहरूले भारतीय न्यापालिकालाई धन्यवाद दिन पाउँथे भने ? यो न्यायपालिका नै हो, जुन केवल मानव अधिकारको मात्र रक्षा गर्दैन परन्तु पशुलाई पनि मानव क्रूरताबाट बचाउँछ, नत्र हाम्रा राजनेता त समाजलाई बर्बर युगमा धकेल्नमै आनन्द मान्छन्। मतका लागि उनीहरू जे पनि गर्न सक्छन्, जुन हदसम्म पनि जान तयार हुन्छन्। जहाँसम्म जल्लिकट्टुको प्रश्न छ, तमिलनाडुको यो परम्परा ४ सय वर्ष पुरानो हो, जसमा साँढे र मानिसको युद्ध देख्न सकिन्छ। यस खतरनाक खेलका लागि साँढेलाई तयार पार्ने क्रममा उससँग क्रूर र घिनलाग्दो व्यवहार गर्नुपर्छ। फेरि यस लडाइँमा मानिस घाइते हुन्छ र अक्सर ज्यान जान सक्छ। पछिल्ला २० वर्षमा दुई सयजनाले यसमा आफ्नो ज्यान गुमाइसकेका छन्। यसका लागि पछिल्ला केही समयदेखि सामाजिक संगठनले यस खेललाई बर्बर बताउँदै बन्द गर्न माग गरिरहेका थिए।

सन् २०१४ मा सर्वोच्च अदालतले यसमाथि रोक पनि लगाएको थियो तर केही परम्परावादीलाई सन्तुष्ट पार्नका लागि तमिलनाडुका मुख्यमन्त्री जयललिताले प्रधानमन्त्री मोदीसँग यस खेललाई फेरि सुरु गर्नका लागि अपिल गरेकी थिइन्। केन्द्र सरकारको कमाल हेर्नुस् कि उसले पनि केही सर्तका साथ यसलाई स्वीकृति दिएको छ। यसका पछाडिको राजनीतिक स्वार्थलाई बुझ्न सकिन्छ। तमिलनाडुमा यसै वर्ष विधानसभा चुनाव हुँदै छ। जयललिता चाहन्नन् कि समाजका कुनै पनि तप्का उनीसँग रिसाउन्। यता केन्द्रको बीजेपी सरकारले पनि जयललितालाई आफ्नो एउटा सम्भावित राजनीतिक सहयात्री देखिरहेको छ। यसका लागि उसले उनको मागमाथि तुरुन्त स्वीकृति जनाउँछ। एउटा मध्यकालीन परम्परालाई अघि बढाउनुको परिणाममाथि रत्ति पनि सोचिएन।

हाम्रो देशमा पर्वका अवसरमा पशुका साथमा हिंसात्मक खेल खेलिरहिएको छ। केही मानिस यसलाई आफ्नो सांस्कृतिक पहिचानसँग जोडेर हेर्छन्, केही धार्मिक आस्थासँग। तर, उनीहरू यो भुल्छन् सब धर्म-संस्कृतिको उद्देश्य मानिसलाई सभ्य बनाउनु हो। जब देशमा जल्लिकट्टुजस्ता प्रथाको चलन सुरु भयो, त्यसबेला हाम्रो जीवन मूल्य अर्कै थियो। आज हाम्रा रहनसहन धेरै बदलिएका छन्। हाम्रो संस्कृतिमा त्यसयता आजसम्म थाहा छैन कति तत्त्व सामेल भएका छन्। कहिले आपसी सहमतिद्वारा त कहिले कानुनका कारण हामीले आफ्ना रीतिरिवाज बदल्यौं। यस्ता केही परम्परालाई तिलाञ्जली दिइसकिएको छ, जुन आधुनिक समयमा उचित छैनन्। तर केही दुःख लाग्ने कुराहरू अझै बचेका छन्, सरकारले तिनलाई पनि हटाउनका लागि केही गर्न नसके पनि कम्तीमा त्यसको समर्थन त नगरिदेओस्।

*(भारतबाट प्रकाशन हुने 'नवभारत टाइम्स'को सम्पादकीय)*

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# जकार्तामा शृंखलाबद्ध आक्रमण, सातको मृत्यु

## आईएसद्वारा जिम्मेवारी

**एजेन्सी**
जकार्ता, ३० पुस



इन्डोनेसियाको राजधानी जकार्तामा बिहीबार भएको शृंखलाबद्ध विस्फोट र आक्रमणमा कम्तीमा सातजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा पाँच आक्रमणकारी र दुईजना अन्य भएको बताइएको छ। सहरको केन्द्रीय व्यापारिक केन्द्रमा आक्रमणकारीले विस्फोट गराउनुका साथै गोली प्रहार गरेको प्रहरी भनाइ छ ।

प्रहरीका अनुसार सहरको मध्य व्यापारिक केन्द्र भागमा अवस्थित राष्ट्रसंघीय कार्यालय तथा विभिन्न देशका दूतावास भएको स्थान नजिकै करिब ५० मिटरको दूरीमा ६ वटा विस्फोट भएको थियो । सो स्थानको थम्रिन मार्गमा अवस्थित सरिनाह व्यापारिक भवनमा भएको सुरक्षा कारबाहीमा कम्तीमा २० जना घाइते भएका थिए । आक्रमण स्थल सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिएको पनि बताइएको छ । आक्रमणका बारेमा यथार्थ विवरण अझै आइनसकेको पनि अधिकारीले बताएका छन् ।

एक राष्ट्रसंघीय कार्यालयका कर्मचारीले गरेको ट्विटमा उनको कार्यालय अगाडि दोहोरो गोली हानाहान भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले उल्लेख गरेका छन् । सो स्थानमा रहेको प्रहरी बिट पनि विस्फोटका कारण ध्वस्त भएको र घरीघरी दोहोरो गोली हानाहान भएको सुनिएको स्थानीय बासीले जानकारी दिएका छन् । स्रोतका अनुसार आक्रमणकारी आक्रमणपछि मोटरसाइकलमा भागेका बताइएको छ । प्रहरीले घटनाका बारेमा अनुसन्धान सुरु गरिसकेको र सो आक्रमण कसरी र किन गरेको भन्ने बारेमा अहिले नै केही भन्न नसकिनले सुरक्षा अधिकारीले बताएका छन् । तर पनि आक्रमणकारीले प्रहरीलाई लक्षित गरेको हुन सक्ने आशंका पनि गरिएको छ ।

पछिल्लो आक्रमण राजधानी जकार्तामा सन् २००९ पछिको ठुलो आक्रमण भएको अधिकारीले बताएका छन् । त्यस समयमा दुईओटा होटलमा भएको आक्रमणमा सातजनाको मृत्यु हुनुका साथै ५० बढी घाइते भएका थिए । बिहीबारको आक्रमण जेलमा परेका इस्लामिक नेता अबु बकर बसिरले आतंकवादी तालिम शिविर सञ्चालनका लागि सहयोग गरेको अदालतसँग स्वीकार गरेको दुई दिनपछि भएको हो । जेमाह इस्लामियाह सञ्जालका ७७ वर्षीय नेता आचे प्रान्तमा शिविर सञ्चालन गरेको आरोपमा पक्राउ परेका र अदालतले उनलाई १५ वर्षको जेल सजाय दिएको थियो ।

यसैबिच आईएसले आफ्नो संयोजनमा आक्रमण भएको दाबी गरेको छ। आईएससँग आबद्ध समाचार संस्थानको वेबसाइटमा सो दाबी गरिएको हो । जाकर्ताका प्रहरी प्रमुख टिटो कर्नाभियनले आक्रमणको पछाडि आईएसको हात रहेको दाबी गरे । हाल सिरियामा रहेको विश्वास गरिएका इन्डोनेसियन आईएसका लडाकु बहरुण नाइमको योजनामा आक्रमण भएको कर्नाभियनको भनाइ छ । आईएसले आक्रमण अगाडि विशेष चेतावनी दिएको पनि प्रहरी भनाइ छ ।

**आतंकवादसँग नडराउने राष्ट्रपतिको भनाइ**

आक्रमणपछि इन्डोनेसियाली राष्ट्रपति जोको विदोदोले विस्फोटको घटना आतंकवादी भएको भन्दै यस्ता क्रियाकलापबाट इन्डोनेसिया र इन्डोनेसियाली नागरिक नडराउने पनि स्पष्ट गरे । उनले यस्ता आतंककारी क्रियाकलापबाट इन्डोनेसिया कहिल्यै पनि पराजित नहुने बताए । सबै नागरिकलाई शान्त र संयम रहन आग्रह गर्दै देशमा सार्वजनिक शान्ति र सुव्यवस्था खल्बलाउने तत्त्वले यस्तो विस्फोट गराएको आरोप लगाए । आतंकबाट इन्डोनेसियाली सरकारलाई आफ्नो देश र जनताको सुरक्षा प्रदान गर्ने काममा कुनै पनि अवस्थामा बिचलित नबनाउने पनि उनको भनाइ थियो ।

# बिहारमा समोसामा कर



**एजेन्सी**
नयाँ दिल्ली, ३० पुस

भारतकै सबैभन्दा गरिब राज्य बिहारमा समोसालाई बिलासी खाना भन्दै यसमा कर लगाइने भएको छ। उत्तरी बिहारको प्रशासनले २३ ओटा आइटमको सूचीमा समोसालाई समावेश गर्दै कर लगाउने भएको हो ।

पछिल्लो समय लामखुट्टे भगाउने रसायन, कस्मेटिक सामग्री र ५ सय रुपैयाँ प्रतिकिलो पर्ने सबै चकलेटहरमा कर लगाउने भएको छ ।

नयाँ खानेकुरा र अरू दैनिक प्रयोगमा आउने सामग्रीमा लगाउने करबाट उठेको राजस्व विकास परियोजनामा प्रयोग हुने बताइएको छ ।

युनिसेफ र विश्व बैंकले नै भारतको सबैभन्दा गरिब राज्यको दर्जा दिएको बिहारले अर्बौं रुपैयाँको विकास प्याकेज प्राप्त गर्ने योजनामा छ ।

राष्ट्रिय सरकारबाट प्राप्त हुने सो रकमा सडक, रेल, ऊर्जा र ग्याँस वितरणमा प्रयोग हुने मुम्बईमा रहेको इकोनोमिक टाइम्सले जनाएको छ ।

सरकारले राजस्व उठाउन नसेको भन्दै आलोचना खेपिरहेकै बेला हालै बसेको विहार मन्त्रिपरिषद्को बैठकले बलिउड चलचित्र चक एन्ड डस्टरलाई भने मनोरञ्जन शुल्क मिनाह गर्ने निर्णय गरेको छ ।

मुम्बई हाइ स्कुलमा काम गर्ने दुईओटा शिक्षकको बारेमा सो चलिचित्र केन्द्रित छ। यसले कडा सामाजिक सन्देश बोको बिहार मन्त्रिमण्डलले ठहर गरेको छ ।

# टर्कीमा प्रहरी कार्यालयमा बम विस्फोट

**एजेन्सी**
अंकारा, ३० पुस

टर्कीको दक्षिणपूर्वी दियारबकिर प्रान्तमा रहेको प्रहरी मुख्यालय नजिक भएको बम विस्फोटमा कम्तीमा ६ जनाको मृत्यु हुनुका साथै ३९ जना घाइते भएका छन् ।

अधिकारीले कुर्दिस बाहुल्य सो प्रान्तको सिनार सहरमा भएको सो विस्फोट कुर्दिसस्थान वर्कर्स पार्टी पिकेकेले गराएको आरोप लगाएका छन् ।



विस्फोटले प्रहरी मुख्यालयको बाहिर पर्खाल पूर्णरूपमा ध्वस्त बनाएको अधिकारीले जनाएका छन् । लडाकुले बम विस्फोट गराउनुका प्रहरी अधिकृत बस्ने घर नजिकैको घरलाई सहारा लिए रकेट र गोलीसमेत प्रहार गरेका थिए ।

आक्रमणमा प्रहरीका तिनजना आफन्त र दुई बालबालिकासहित तिनजना सर्वसाधारणको मृत्यु भएको अधिकारीले पुष्टि गरेका छन् ।

सन् १९८४ देखि पिकेकेले सुरुमा स्वतन्त्र कुर्दिस राज्य र पछिल्लो समयमा ठुलो स्वायत्तताको माग राख्दै संघर्ष गर्दै आएको छ । सन् २०१३ को जुलाईमा भएको सरकारी र विद्रोहीबिचको युद्ध बिराम भंग भएपछि दुई पक्षबिच लगातार भिडन्त हुँदै आएको छ ।

सो द्वन्द्वका कारण हालसम्म हजारौंको मृत्यु भइसकेको छ। गत मंगलबार मात्र इस्तानबुलमा भएको आईएसको विस्फोटमा १० जनाको ज्यान गएको थियो भने कैयौं सर्वसाधारण घाइते भएका थिए ।

# महावाणिज्य दूतावास हमलाको निन्दा

**सिन्हवा**
काबुल, ३० पुस

अफगानिस्तानको जलालाबादस्थित पाकिस्तानी महावाणिज्य दूतावासमा गरिएको आतंककारी आक्रमणको अफगानिस्तानले निन्दा गरेको छ।

सो आक्रमण निन्दनीय भएको भन्दै अफगानिस्तानले सो घटनाको कडा शब्दमा निन्दा गरेको जनाइएको छ । बुधबार बिहान जलालाबादस्थित पाकिस्तानी महावाणिज्य दूतावासमा आक्रमण गरिएको थियो । सो आतंककारी हमलाको हामी घोर भर्त्सना गर्छौं, अफगानिस्तानको विदेश मन्त्रालयले बिहीबार प्रकाशन गरेको विज्ञप्तिमा जनाइएको छ ।

यसअघि पनि पाकिस्तानले अफगानिस्तानस्थित महावाणिज्य दूतावास आक्रमणको घटनाबारे छानबिन गरी घटनामा सम्मिलित अपराधीलाई कानुनी दायरामा ल्याउन अफगान सरकारसँग अनुरोध गरेको थियो। हमलामा परी अफगानिस्तानस्थित सो दूतावास वरिपरिका तिनजना सर्वसाधारण, सातजना अफगान सुरक्षाकर्मी र तिनजना हतियारधारीको ज्यान गएको थियो ।

# शरणार्थी शिविरमा हैजाबाट १३ को मृत्यु

**एएफपी**
नैरोबी, ३० पुस

केन्यामा रहेको सोमालियाली शरणार्थी शिविरमा फैलिएको हैजाबाट मृत्यु हुने व्यक्तिको संख्या १३ पुगेको समाचार छ । सो शिविरमा गएको नोभेम्बर महिनामा हैजाको प्रकोप फैलिएको थियो ।

सो प्रकोपका कारण अहिलेसम्ममा १३ जनाको ज्यान गएको बताइएको हो । संयुक्त राष्ट्रसंघीय अधिकारीले नैरोबीको उत्तर पूर्वी क्षेत्र दबाबमा रहेको सोमालियाली शरणार्थी शिविरमा फैलिएको हैजाका कारण १३ जनाको ज्यान गएको जनाएका छन्। सो शिविरमा करिब ३ लाख ५० हजार सोमालियाली नागरिक बस्ने गरेका बताइएको छ। शिविरमा धेरै संख्यामा नागरिक भएकाले खानपानमा सरसफाइ हुन नसकिरहेको तथा बसाइ नै अत्यन्तै अव्यवस्थित भएकाले यस्तो खतरा उत्पन्न भएको बताइएको छ ।

यसअघि पनि सो शिविरमा हैजाको प्रकोपका कारण धेरैको ज्यान गएको थियो ।


**साउदी अरेबिया मा रोजगार**

१. कम्पनी : AL-MAWARID OPERATION शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७६३५ LT. No. 150477

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब SR | ने.रु. | ... | काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ... | खाने सुविधा | बस्ने सुविधा | ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 13 | 1000 | 28,390 | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 2 | Restaurant Labour | 12 | 1000 | 28,390 | | | | | | | |

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**
जावलाखेल, ललितपुर (नेशनल क्यान्सर हस्पिटल पछाडी),
फोन : ५५५५५३१, ५५५५६८३, ५५५५९८३ फ्याक्स : ०१ ५५५५७९४
मोवाईल नं. : ९८०२०८१७७७, ९८५१०५३७३७, ९८०२०७५२२२, ९८०२०७६२२२
कोहलपुर : ९८५११९७४६, दाङ : ०८२ ५४०७१८ जनकपुर : ९८५११३६५०२

**कतारमा रोजगार**

१. कम्पनी : AL KHAJA MEDIAL STORE
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७५९९ LT. No. 150083

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब QR | ने.रु. | ... | काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ... | खाने सुविधा | बस्ने सुविधा | ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN.CLEAN WORKER | 02 | 900 | 25,551 | | ८ घण्टा | ६ दिन | | छ | छ | |

- छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**MOUGHAL International Services Pvt. Ltd.**
New Baneshwor-34, Kathmandu, Nepal,
Tel :- 4486155, 584953
Mobile : 9851129355, 9802023043

**CYPRUS मा महिलालाई रोजगार**

THEO EMPLOYMENT & TRAVEL LTD, Romanou Street
पूर्व स्वीकृत मिति : २०७२/९/२१ चलानी नं. : ६८५८ LT. No. 149283 / कुल लागत खर्च : ८०,०००

| सि.नं. | कामदारको पद | माग संख्या महिला | मासिक तलब Euro | ने.रु. | ... | काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ... | खाने सुविधा | बस्ने सुविधा | ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 10 | 314 | 36,424 | | ८ घण्टा | ६ दिन | | छ | छ | |

*Care Giving Training गरेका र अंग्रेजी बोल्न सक्नेलाई विशेष प्राथमिकता दिइनेछ

**मोर्गेन ग्लोवल एच.आर.कन्सल्टेन्सी प्रा.लि.**
पो.ब.नं. : २५०४२, पुल्चोक-३, ललितपुर, कान्तिपुर एफ.एम सँगै
फोन नं. : ५५३६८१३, ९८४१९५९०४२, ९८०११५४३५१,
Email : palpine.employment@gmail.com
Licence No: 211/057/058

**साउदी अरेवियामा रोजगार**

१ कम्पनी : TANDOOR EXPRESS RESTAURANT शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/२९ चलानी नं. : ७४६३ LT. No. 149394

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब SR | ने.रु. | ... | काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ... | खाने सुविधा | बस्ने सुविधा | ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour | 02 | 900 | 25,551 | | ८ घण्टा | ६ दिन | | छ | छ | |
| 2 | TANDOOR BAKER | 01 | 1400 | 39,746 | | | | | | | |

**KL Employment Service Pvt. Ltd.**
Govt. Lic. No: 701/063/064, P.O. Box : 19929, Kalimatidole, (Near Airport)
Kathmandu, Nepal, Tel : 977 1 4464113, 4493180, Fax : 977 1 4469321,
E-mail : info@klemlpoyment.com.np, Web : www.klemployment.com.np

**साउदी अरेबीयामा रोजगार**

१. कम्पनी : ABDULLAH AHMED AL-AZZANI CONTRACTING EST. शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/९/३० चलानी नं. : ७५४९ LT. No. 148394

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | मासिक तलब SR | ने.रु. | ... | काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | ... | खाने सुविधा | बस्ने सुविधा | ... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road Machine Driver | 07 | 2500 | 70,975 | | ८ घण्टा | ६ दिन | | छ | छ | |

- छनौट भई भीषा प्राप्त भैसकेका व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषाबापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**Job Placement Services Pvt. Ltd.**
Pingalasthan Kathmandu, Nepal, P.O. Box: 7543,
Tel : +977-1-4113673, 4113674, 4113814, Cell : 9841808910, 9841068573,
Email : info@jplacement.com, Web : www.jplacement.com
Govt. Lic. No: 489/061/62

**वर्गीकृत डिस्प्ले**
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**बीमालेख हरायो**
मिति २०७२/१/२५ गते बालाजुदेखि बागडोलसम्म जाँदा मेटलाईफ इन्स्योरेन्सको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : रुपक फूर्याल
बिमालेख नं. : २९८९०५
ठेगाना : बागडोल, ललितपुर
सम्पर्क : ९८१३२१९९०

**बीमालेख हरायो**
मिति २०७२/८/३ गते खुमल्टारदेखि न्यूरोडसम्म जाँदा मेटलाईफ इन्स्योरेन्सको बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : शरीफ श्रेष्ठ
बिमालेख नं. : ९७९९१
ठेगाना : खुमल्टार-१५, ललितपुर
सम्पर्क : ९८५१०४१००४

**राहदानी हरायो**
मिति २०७२/७/१५ गते बाँकेको कटकुईयादेखि नेपालगन्जसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : मो. रजा खाँ
राहदानी नं.: ०९१११३९९
ठेगाना : कटकुईया-४, बाँके

**राहदानी हरायो**
मिति २०७२/८/५ गते कुलमत देखि बेशीसहरसम्म जाँदा मेरो निम्न ब्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : प्रेम बहादुर गुरुङ
राहदानी नं.: ०६६२६०९७
ठेगाना : कुलमत-६, बाजाबेत लम्जुङ
सम्पर्क : ९८४८०१०९९८

**राहदानी हरायो**
मिति २०७२ पौष २९ गते सिमरा बाट परवानीपुर जाँदा मेरो निम्न ब्यहोरा भएको राहदानी हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध गर्दछु ।
नाम:- स्नेहा शाह
राहदानी नं.:- ३५४४०६८
ठेगाना:- वडा नं. २, बिरगंज
सम्पर्क नं. - ९८०११२५७८०

**वर्गीकृत डिस्प्ले २५०**
वर्गीकृत विज्ञापन प्रति शब्द रू ५/-

**राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का**
क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु
बुटवल : (क्षेत्रीय कार्यालय) फोन : ०७१-४३७४५५
पोखरा : (क्षेत्रीय कार्यालय) फोन : ९८४६५६३५१३
नेपालगञ्ज: (क्षेत्रीय कार्यालय) फोन : ०८१-५२५५३४

# आजदेखि फन्को



राजधानी संवाददाता
काठमाडौं, ३० पुस

चलचित्र 'फन्को'ले बुधबार काठमाडौंको कुमारी हलमा प्रिमियर गरेको छ। नेपाली चलचित्र क्षेत्रका कलाकर्मी र सञ्चारकर्मीहरूको बाक्लो उपस्थितिमा भएको सो प्रिमियर कार्यक्रममा चलचित्र हेरिसकेपछि चलचित्रकर्मीहरूले चलचित्रको खुलेर प्रशंसा गरे।

चलचित्रको मेकिङ राम्रो भएको भन्दै चलचित्रमा अभिनित कलाकारहरू सौगात मल्ल, केकी अधिकारी, दयाहाङ राई, प्रियंका कार्की, अनुप बराल लगायतको अभिनयले खुड्किलो चढेको प्रतिक्रिया दिएका थिए। दुई घन्टा अवधिमा चलचित्रत्रले प्रशस्त मनोरञ्जन दिएको बताएका थिए। चलचित्र स्तरीय बनेको र चलचित्रमा समावेश संवादलाई कलाकर्मीहरूले मन पराएका छन्। टिपिकल बोलीचालीको उखानटुक्कालाई चलचित्रमा समावेश गरिएको छ।

सस्पेन्स थ्रिलर चलचित्र फन्कोमा पैसा पछाडि दगुर्ने अहिलेका युवाहरूको प्रवित्तिलाई देखाइएको छ। चलचित्रमा नायिका केकी अधिकारी हेम्जाको ड्राइभरको श्रीमतीको भूमिकामा देखिएकी छन् भने सौगात एक चर्चित व्यवसायीको गाडी चलाउने ड्राइभरको भूमिकामा रहेका छन्।

दया र प्रियंका पैसा लुट्ने दाउमा रहेका र यो फन्दामा उनीहरू कसरी फन्को मार्छन् भन्ने कुरा चलचित्रमा रहेको छ। प्रिमियरमा फन्कोमा अभिनित प्रायः सबै कलाकारहरू को उपस्थिति रहेको थियो। माघे संक्रान्तिको अवसरमा शुक्रबारदेखि नेपालभर प्रदर्शनमा आउन लागेको यो चलचित्रलाई सुवर्ण थापाले निर्देशन गरेका हुन्।

'लुट'जस्तो सफल चलचित्र दिएका निर्माता नरेन्द्र महर्जनले निर्माण गरेको फन्कोमा समावेश ठुङ्दे बोलको गीत चर्चामा छ। चलचित्रमा पहिलो पटक गायिका इन्दिरा जोशीले लोकल ब्युटी बोलको गीतमा स्वरसँगै आइटम नृत्य गरेकी छन्।

इन्दिराको पहिलो पटकको आइटम नृत्यलाई पनि मन पराइएको प्रतिक्रिया छ। चलचित्रमा बेल्जियम निवासी सहदेव गौतम र पदम गुरुङको पनि लगानी रहेको छ। चलचित्रमा चेतन सापकोटाको संगीत, राजेन्द्र थापाको शब्द, रेश्मा सुनुवार र संगीतकार सापकोटा र गायिका इन्दिरा जोशीले गाएका दुई गीत समाविष्ट छन्। चलचित्रले शुक्रबार बिहान ८ बजे हेटौंडाको मानसेवा आश्रमको भवन निर्माण सहयोगका लागि च्यारिटि सोसमेत गर्दै छ। च्यारिटी सोका लागि चलचित्रका सबै कलाकर्मी बिहीबार नै हेटौंडा जाने कार्यक्रम रहेको बताइएको छ ।

# हङकङबाट उदायो कन्दरा



**काठमाडौं/रास–** लोकप्रिय गीत-संगीत सिर्जना गरेर दर्शक तथा श्रोताको मन जित्न सफल सांगीतिक समूह 'कन्दरा'ले हकङकबाट सांगीतिक कार्यक्रमको यात्रा थालनी गरेको छ। मर्दी खोला सेवा समितिले हङकङमा आयोजना गरेको 'मर्दी हिमाल साँझ-२०१६' मार्फत कन्दराले आफ्नो सेकेन्ड इनिङ प्रारम्भ गरेको हो।

हङकङकमो युङलुङ थिएटरमा हालै सम्पन्न कन्सर्टमा 'कन्दरा'ले करिब १८ वर्षपछि पहिलो पटक सम्पूर्ण ब्यान्डको एकल लाइभ सो प्रस्तुत गरेको हो। करिब तिन घन्टासम्म सञ्चालन भएको कन्सर्टमा कन्दराले उपस्थित दर्शकको मन जित्न सफल भएको आयोजकको दाबी छ।

कन्दराका गायक विवेक श्रेष्ठ तथा सहकर्मी संगीतकर्मीहरूले स्व. गोपाल योञ्जनप्रति समर्पित राष्ट्रिय गीत गाउँदै कन्सर्टको थालनी गरेका थिए। कार्यक्रममा कन्दराले आफ्ना सदाबहार लोकप्रिय गीत प्रस्तुत गरिरहँदा दर्शकदीर्घाले समेत उनीहरूलाई साथ दिएका थिए। कन्सर्टमा कन्दराले 'हङकङ पोखरा', 'छेक्यो छेक्यो देउराली डाँडा', 'तिमी पारि त्यो गाउँमा' सहितका गीत प्रस्तुत गरेर दर्शकको मन जितेको थियो। लोक पप तथा आधुनिक शैलीका गीतमार्फत पृथक् छाप छोड्न सफल कन्दरा समूह अब सक्रियतासाथ संगीतकर्ममा होमिने कन्दराका गायक विवेक श्रेष्ठले स्पष्ट पारेका छन्।

पछिल्लो समय कन्दरा आफ्नो नयाँ एल्बम सार्वजनिक गर्ने अन्तिम तयारीमा छ। एल्बम सार्वजनिक गर्नुअघि कन्दराले विदेशमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने निम्तो पाएको हो। हङकङपछि कन्दराले दक्षिण कोरिया, मलेसिया तथा अस्ट्रेलियामा लाइभ कन्सर्ट प्रस्तुत गर्दै छ।

# 'कर्णालीमा कम्युनिस्ट पार्टीको इतिहास' विमोचित



राजधानी संवाददाता
नेपालगन्ज, ३० पुस

एमाले महासचिव ईश्वर पोखरेलले वैकल्पिक पोलिटब्युरो सदस्य तथा केन्द्रीय गोरखबहादुर बोगटीद्वारा लिखित 'कर्णालीमा कम्युनिस्ट आन्दोलन' नामक पुस्तक विमोचन गरेका छन्।

एमाले भेरी र कर्णाली अञ्चल स्तरीय भेलाको अवसर पारी महासचिव पोखरेलले बाँकेको भेरी प्राविधिक शिक्षालयमा सो पुस्तक विमोचन गरेका थिए। विमोचन कार्यक्रममा महासचिव पोखरेलले एमाले कर्णालीका संस्थापक नेतासमेत रहेका बोगटीले पुस्तकमार्फत कर्णालीमा दलगत राजनीतिदेखि कम्युनिस्ट पार्टीको संघर्षलाई संस्थागत गर्ने काम गरेको बताए।

हरेक क्षेत्र र वर्गको पहिचानका आवाज निकै बुलन्द रूपमा अघि बढिरहेका बेला बोगटीले लेखेको पुस्तकले कर्णालीको ऐतिहासिकतालाई थप नयाँ पहिचान दिने काम गरेको बताए।

कार्यक्रममा एमाले सचिव प्रदीप ज्ञवालीले हरेक क्षेत्रबाट विकट, अभावी र गरिबीको उपमा पाएको कर्णालीको गौरवमय इतिहास र उज्ज्वल भविष्यलाई समेटिएको एकीकृत दस्तावेजका रूपमा पुस्तक निकाल्ने नेता बोगटीको कामको निकै प्रशंसा व्यक्त गरे।

नेकपा एमाले हुम्ला काठमाडौं सम्पर्क कमिटीले प्रकाशन गरेको पुस्तकमार्फत हरेक प्रकारका कम्युनिस्ट आन्दोलनमा अग्रणी रहेको कर्णालीको इतिहास नभएको देख्दा आफूलाई त्यस प्रकारको इतिहास लेख्ने प्रेरणा मिलेको पुस्तकका लेखक एमाले कर्णाली इन्चार्ज गोरखबहादुर बोगटीले बताए।

कर्णालीको अलिखित पार्टीगत र कम्युनिस्ट आन्दोलनलाई लिखित गर्ने काम निकै गाह्रो भएको बताएका लेखक बोगटीले कर्णालीका स्थानीय नेता, बुद्धिजीवी, कर्णालीलाई राजनीतिक तथा अन्य कामका रूपमा कर्म थलो बनाएर काम गरेका सबै महानुभावको सहयोगले पुस्तक निकाल्ने कामले सार्थकता पाएको प्रतिक्रिया दिए।

# चित्र प्रदर्शनी गर्दै मोर्चाको खबरदारी

राजधानी संवाददाता
राजविराज, ३० पुस

अधिकार प्राप्तिको आन्दोलन अझ सशक्त बनाउँदै लैजाने घोषणा गरेको मधेसी मोर्चा सप्तरीले बिहीबार सदरमुकाम राजविराजको विभिन्न स्थानमा जारी आन्दोलनका क्रममा भएका घटनाहरू झल्काउने फोटो तथा वृत्तचित्र प्रदर्शनी गर्दै सरकारलाई खबरदारी गरेको छ।

अदालत रोड, हटिया, जनआन्दोलन चोकलगायतका स्थानमा आन्दोलनका क्रममा प्रहरीबाट भएको दमनका चित्रहरू प्रदर्शन गरी सर्वसाधारणलाई आन्दोलनमा अझ उत्साहका साथ सहभागी गराउने प्रयास गरिएको मोर्चाका संयोजक कपिलदेव यादवले बताए।

प्रदर्शनी हेर्न प्रदर्शनी स्थलमा सर्वसाधारणको घुइँचो लागेको थियो। मोर्चाले २८ पुसदेखि ८ माघसम्मका लागि नयाँ चरणका आन्दोलन कार्यक्रम घोषणा गरेअनुसार सो प्रदर्शनी गरिएको आन्दोलन जनपरिचालन समिति क्षेत्र नं. ३ का संयोजक लक्ष्मण यादवले बताए। उनले माग पूरा नभएसम्म आन्दोलन निरन्तर जारी रहने जानकारी पनि दिए।











## कतारमा रोजगार

१. कम्पनी : LEADING EDGE DECOR — शहर : Doha
पूर्व स्वीकृत मिति : २०७२/९/१० चलानी नं. : ७६१५ LT. No. 149517

| क्र.सं. | कामदारको पद | माग संख्या | QR | ने.रु. | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 30 | 900 | 25,551 | ८ घण्टा | ६ दिन | छ | छ |

International Placement Services Pvt. Ltd.
Gyanodaya marg, Kalanki-14, Kathmandu, Nepal
Tel : 00977-1-4037226, Fax : 00977-1-4037125 ipsnepal2@gmai.com, devendraips@yahoo.com,thapadevendra@hotmail.com
Website:www.ipsnepal.com.np
Govt. Lic. No: 424/060/061
Dilli Kc 9849065799 [BRANCH OFFICE DANG]

## कतारमा रोजगार

१. कम्पनी : Q-PRO TRADING & CONTRACTING — शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/९/२९ चलानी नं. : ७५१० LT. No. 147612

| क्र.सं. | कामदारको पद | माग संख्या | QR | ने.रु. | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 1100 | 32,197 | ८ घण्टा | ६ दिन | छ | छ |
| 2 | Foreman | 02 | 2500 | 73,175 | | | | |
| 3 | Driver | 10 | 1400 | 40,978 | | | | |
| 4 | Truck Driver | 05 | 1900 | 55,613 | | | | |
| 5 | Laborer | 20 | 900 | 26,343 | | | | |
| 6 | Brick Mason | 20 | 1100 | 32,197 | | | | |
| 7 | Building Worker | 20 | 900 | 26,343 | | | | |
| 8 | PLUMBER (PIPE FITTER) | 02 | 1100 | 32,197 | | | | |
| 9 | HEAVY VEHICLE DRIVER | 10 | 1900 | 55,613 | | | | |

२ कम्पनी : HASAN JUMA BACKER ENGINEERING — शहर : Qatar
पूर्व स्वीकृत मिति : २०७२/९/२८ चलानी नं. : ७३५१ LT. No. 149424

| क्र.सं. | कामदारको पद | माग संख्या | QR | ने.रु. | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 46 | 900 | 26,343 | ८ घण्टा | ६ दिन | छ | छ |

मदरल्याण्ड ओभरसिज प्रा.लि.
सिनामंगल, काठमाडौं, इजाजत नं. : ३३९/०५९/०६०, फोन : 01-4494015, 445682, 4493649, 4463480
Contact :- Nepalgunj (Ganesh Sunar 9851048599), Kathmandu : (Anil KC : 9851045711, Keshab Rana 9851042339, Roshana : 9851017866, Sajana : 9851073258 Bhim Rai : 9851024632, Mahesh : 9848727011

## साउदी अरेबीयामा रोजगार

1. AL-DERA MEDICAL COMPANY — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/०९/२९ चलानी नं. : ७५२८ LT. No. 150020

| क्र.सं. | कामदारको पद | माग संख्या | SR | ने.रु. | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL BUILDING CLEANING WORKER | 01 | 1000 | 28,390 | ८ घण्टा | ६ दिन | छ | छ |

2. MOHAMMAD OMAR AL-ZAFI TRADING EST. — शहर : KSA
पूर्व स्वीकृत मिति : २०७२/०९/३० चलानी नं. : ७५५० LT. No. 150109

| क्र.सं. | कामदारको पद | माग संख्या | SR | ने.रु. | दैनिक काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | खाने सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING LABOUR | 02 | 1000 | 28,390 | ८ घण्टा | ६ दिन | छ | छ |

Synnet International Pvt. Ltd.
सिनेट ईन्टरनेशनल प्रा.लि.
पोष्ट बक्स नं. १७३०, कुपण्डोल, ललितपुर
फोन.: ०९७७ १ ५५२५७०१, ५५२५९०५, फ्याक्स नं.: ०९७७ १ ५५४७४१३,
ईमेल: info@synnet206.com, वेवसाइट : www.synnetintl.com

# आर्सनलसँग रोकियो लिभरपुल



**एजेन्सी**
लन्डन, ३० पुस

उपाधि अभियानमा रहेको आर्सनललाई लिभरपुलले झट्का दिएको छ। बुधबार भएको खेलमा लिग लिडर आर्सनलसँग लिभरपुलले ३-३ गोलको सनसनीपूर्ण बराबरी खेल्लेपछि उसले लिसेस्टर संगको अंक दुरी बढाउन असफल भएको हो।

आर्सनललाई झट्का दिने क्रममा लिभरपुलका रोबर्टो फिरमिनोले १०औं मिनेटमै गोल गरेका थिए। यद्यपि, रामसीले ४ मिनेट नबित्दै गोल फर्काउँदै आर्सनललाई खेलमा फर्काए तर पुन: पाँच मिनेट नबित्दै १९औं मिनेटमा पुन फिरमिनोले व्यक्तिगत तथा टिमका लागि दोस्रो गोल गर्दै लिभरपुललाई अग्रता दिलाए। एकपछि अर्को नाटकीय गोल भएको खेलमा २५औं मिनेटमा पुन: ओलिभर जिराउडको गोलबाट आर्सनल बराबरी गर्न सफल भयो।

२५ मिनेटभित्र ४ गोल भएको खेलमा दुवै टिमले पहिलो हाफमा २-२ गोलको बराबरी खेले। यद्यपि, दोस्रो हाफमा आर्सनलले अग्रता बनायो। ५५औं मिनेटमा ओलिभर जिराउडले व्यक्तिगत दोस्रो तथा टिमका लागि तेस्रो गोल गर्दै आर्सनललाई अग्रता दिलाए तर पनि आर्सनल जित आत्मसात् गर्न सकेन। अन्तिम मिनेटमा सम्हालिन नसक्दा आर्सनल बराबरीमा चित्त बुझाउन बाध्य भयो। लिभरपुलका एलेनले ९०औं मिनेटमा नाटकीय बराबरी सम्भव बनाउँदै आर्सनललाई स्तब्ध बनाए।

लिभरपुलको घरेलु मैदान एनफिल्डमा भएको खेलमा घरेलु दर्शकमाझ सनसनीपूर्ण प्रदर्शन गरे पनि लिभरपुल सुरुआती अग्रतालाई टिकाउन असफल भएको थियो। यद्यपि, निकै सनसनीपूर्ण खेल हेर्न लायक भने रह्यो।

लिसेस्टर विजयी सिटी रोकियो

उपाधि होडमा अर्को दाबेदार मानिएको लिसेस्टर सिटीले एफ ए कपमा टोटेनह्यामसँग बेहोरेको पराजयको बदला लियो। उसले टोटेनह्यामलाई १-० ले पराजित गर्दै लिगमा आर्सनलसमान ४३ अंक बनायो। यद्यपि, गोलअन्तरका आधारमा लिसेस्टर दोस्रो स्थानमा रहेको छ। त्यस्तै, बुधबारै भएको खेलमा तेस्रो स्थानको सिटी भने एभर्टनसँग गोलरहित बराबरीमा रोकियो।

निकै प्रतिस्पर्धात्मक बनेको खेलमा टोटनह्यामलाई स्तब्ध बनाउने क्रममा लिसेस्टरले ८३औं मिनेटमा महत्त्वपूर्ण गोल गर्‍यो। आर्सनलमाथि दबाब बढाउने क्रममा लिसेस्टरका रोबर्ट ह्युचले निर्णायक गोल गरे। लिगको उपाधि होडमा बलियो बनाउनका लागि जित्नैपर्ने खेलमा साबिक उपविजेता सिटी भने एभर्टनसँग गोलरहित बराबरीमा रोकियो। एभर्टनलाई दबाबमा राखे पनि सिटी गोल गर्न भने असफल रह्यो।

उतारचढावपूर्ण प्रदर्शन गर्दै आएको साबिक विजेता चेल्सी पनि बुधबार वेस्टब्रुमको सिकार भयो। चेल्सीले वेस्टब्रुमसँग २-२ गोलको बराबरी खेल्यो। लिगमा आर्सनल २१ खेलका साथ ४३ अंकका साथ शीर्ष स्थानमा छ। समान खेल र समान अंकका साथ लिसेस्टर सिटी दोस्रो तथा २१ खेलबाटै सिटी ४० अंकका साथ तेस्रो स्थानमा रहेका छन्।

# युथ क्रिकेटमा आर्मी विजयी

**राजधानी समाचारदाता**
काठमाडौं, ३० पुस

प्रथम राष्ट्रिय अन्तर क्लब युथ क्रिकेट प्रतियोगिताअन्तर्गत बिहीबार भएको खेलमा त्रिभुवन आर्मी क्लबले नेपाल इन्जिनियरिङ कलेजलाई १ सय ७ रनले हराएको छ।

प्रतियोगिता युवा संघ नेपालको केन्द्रीय खेलकुद विभागले आयोजना गरेको हो। बिहीबार टस जितेर पहिले ब्याटिङ गरेको आर्मीले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय ६० रन जोड्यो। जवाफमा इन्जिनियरिङ कलेज १६ ओभर १ बलमा अल आउट हुँदै ५३ रनमा समेटियो।

आर्मीका लागि शरद भेषवाकरले अर्धशतक जोडे। उनले ४८ बलमा ८ चौकाको मद्दतमा ५९ रन जोडे। सागर पुनले२९ रन जोडे। उनले २७ बलमा चार चौका प्रहार गरे। त्यसैगरी, अनिल मण्डलले २०, विक्रम सोबले १५, नरेश बुढाऐरले ९ र राजेश पुलामीले ५ रन जोडे।

इन्जिनियरिङ कलेजका लागि पल्देव लामाले सर्वाधिक ३ विकेट लिए। आर्मीका जितेन्द्र मुखिया म्यान अफ दि म्याच घोषित भए।

१ सय ६१ लक्ष्यका साथ ब्याटिङमा उत्रिएको इन्जिनियरिङ कलेज ५३ रनमा अलआउट हुन पुगेको थियो। उसका लागि ओपनर निशान्तले सर्वाधिक १७ रन जोडे। प्रमोद आचार्यले १५ रन जोडे। अन्य कुनै पनि खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। इन्जिनियरिङलाई सस्तैमा समेट्नेक्रममा आर्मीका जितेन्द्र मुखियाले ४, चन्द्र साउथले ३ र अभिनाश कमले २ विकेट लिए।

त्यसैगरी, बिहीबार नै भएको खेलमा माच्छापुच्छ्रे क्रिकेट क्लब पोखराले गि फ्रोर्स क्रिकेट एकेडेमीलाई २६ रनले हराएको छ। माच्छापुच्छ्रेले पहिले ब्याटिङ गर्दै ३ विकेटको क्षतिमा १ सय ६२ रन जोड्यो। उसका लागि दिपेश खत्रीले ४०, राजु पौडेलले ४४, करण केसीले २३, आकाश थापा र इशानसिंह बानियाँले समान २१/२१ रन जोडे।

१ सय ६३ रनको विजयी लक्ष्यका साथ ब्याटिङमा उत्रिएको जि फोर्स क्रिकेट एकेडमीले निर्धारित २० ओभरमा ५ विकेटको क्षतिमा १ सय ३६ रन मात्र जोड्यो। उसका लागि हसिम अन्सारीले सर्वाधिक ६३ रन जोडे पनि हारलाई रोक्न सकेनन्।



*आर्मीका जितेन्द्र मुखियालाई 'म्यान अफ द म्याच'को ट्रफी दिँदै राखेपका उपाध्यक्ष तथा नेपाल ओलम्पिक कमिटीका महासचिव लामा टेन्डी शेर्पा*

# साइपालको छात्रवृत्ति

**काठमाडौं/रास–** धुम्बाराहीस्थित साइपाल एकेडेमीले आफ्ना तिन विद्यार्थी फुटबल खेलाडीलाई छात्रवृत्ति प्रदान गर्ने बिहीबार घोषणा गरेको छ। पुस दोस्रो साता आइडियल इंग्लिस उमाविको आयोजनामा भएको प्रथम आइडियल कप अन्तरकलेज छात्र सिक्स ए साइड फुटबल प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई कक्षा १२ मा अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्न लागिएको साइपालका कार्यकारी निर्देशक गणेश भण्डारीले एक कार्यक्रमबिच घोषणा गरे।

आइडियल कपमा उत्कृष्ट खेलाडी घोषित भएका सुशान तामाङ, रोशन मगर र अतीतसेन ठकुरीलाई साइपालले छात्रवृत्ति प्रदान गर्न लागेको हो। सुशान र रोशनले पूर्ण छात्रवृत्ति तथा अतीतले ५० प्रतिशत छुट पाउने छन्। तिनैको मिलाएर छात्रवृत्तिको कूल राशि करिब १ लाख १२ हजार रुपैयाँ हुन आउने बताइएको छ। त्यस्तै, साइपालले आइडियल कपको उपाधि विजेता साइपाल 'ए' र उपविजेता साइपाल 'बी' का टोलीका सदस्यलाई पनि सोही अवसरमा प्रोत्साहनस्वरूप ट्र्याक सुट प्रदान गर्‍यो। जम्मा २५ हजार रुपैयाँ मूल्यबराबरको ट्र्याकसुट प्रदान गरिएको साइपालले जनाएको छ। त्यसमा ३० प्रतिशत रकम सिन्धु स्पोर्ट्सले प्रायोजन गरेको छ।

साइपाल 'ए' बाट कप्तान सुशान श्रेष्ठ, अजय तामाङ, रोशन मगर, कृष्ण लामा, युजन लामा, युवराज लामा र सुनिल तामाङले प्रतिस्पर्धा गरेका थिए। डिफेन्समा अजय र गोलरक्षकमा कृष्ण उत्कृष्ट चुनिएका थिए।

साइपाल 'बी' बाट खेल्ने खेलाडीहरूमा कप्तान अतीतसेन ठकुरी, विवेक सुनवार, सुजन खड्का, बुद्धि मगर, मिलन राई, सिसम दुलाल, पुनम बुढाथोकी तथा विश्वास परियार रहेका छन्। प्रशिक्षक विनोद क्षत्रीलाई पनि ट्र्याक सुट प्रदान गरियो। टोलीका सदस्यलाई कार्यकारी निर्देशक गणेश भण्डारी, प्रिन्सिपल सुमन नगरकोटी तथा संयोजक राजकुमार ओझाले ट्र्याक सुट हस्तान्तरण गरेका थिए।




## काव्य सेमीमा

**काठमाडौं/रास–** काव्य 'ए' र पशुपति 'ए' प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स ए साइड फुटबल प्रतियोगितामा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन्। काव्यले साइनिङ प्याराडाइसलाई २-० गोलले पराजित गर्‍यो। काभ्यका रवि खत्रीले दुवै गोल गरे। पशुपतिले डेनेब एकेडेमीलाई ५-० को फराकिलो गोलअन्तरले हरायो।

## फिदिम र चर्च ब्वाइज भिड्दै

**काठमाडौं/रास–** पाँचथरमा जारी फाल्गुनन्द गोल्डकपको सेमिफाइलनमा साबिक विजेता आयोजक फिदिम स्पोर्टिङ क्लब र काठमाडौं चर्च ब्वाइज युनाइटेड क्लब बिहिबार भिड्ने भएका छन्।

दुवै टिममा ए डिभिजनमा रहेका खेलाडीको बाहुल्य छ। सातौं फाल्गुनन्द गोल्डकप फुटबल प्रतियोगिताको पहिलो सेमिफाइनलमा खेलबाट विजयी हुँदै ताप्लेजुङको कर्णसिंह सोनाम स्मृति क्लबले फाइनलको यात्रा तय गरेको छ।

# बार्सिलोना क्वार्टरफाइनलमा




**म्याड्रिड/एजेन्सी–** स्पेनिस ला लिगाको शीर्ष स्थानमा रहेको बार्सिलोना बुधबार भएको स्पेनिस कोपा डेल रे फुटबलको क्वार्टरफाइनलमा पुगेको छ।

स्पानियोलविरुद्धको खेलमा २-० को जित निकालेको बार्सिलोनाले समग्रमा ६-१ को जित हात पार्दै अघिल्लो चरणमा प्रवेश गरेको हो। पहिलो लेगमा बार्सिलोना ४-१ ले विजयी भएको थियो।

स्पनियोलको घरेलु मैदानमा भएको खेलमा दुवै गोल मुनिरले गरे। उनी दुई खेलको प्रतिबन्ध लागेका लुइस स्वारेजको स्थानमा मैदान उत्रिएका थिए। बार्सिलोना नेयमारलाई बेन्चमा राखेर मैदान उत्रिएको थियो। ३२औं मिनेटमा गोल गर्दै बार्सिलोनाको खाता खोलेका उनले ८८औं मिनेटमा दोस्रो गोल गरेका थिए।

# एन्फा गैरजिम्मेवार बन्दा फुटसल बन्द

**काठमाडौं/रास–** अखिल नेपाल फुटबल संघ (एन्फा) गैरजिम्मेवार बनेपछि समाजमा विकृति बढाएको भन्दै महानगरीय प्रहरी परिसले काठमाडौं उपत्यकामा सञ्चालित सबै फुटसल सेन्टरहरू बन्द गराएको छ। उपत्यकाका ५१ फुटबल सेन्टर अनिश्चित समयसम्मका लागि बन्द गराइएको हो।

स्थानीयको गुनासाको आधारमा अनुसन्धानपछि प्रहरीले फुटसल बन्द गराइएको बताएको छ। फुटसललाई कानुनी दायरामा नल्याएसम्म बन्द गरिने बताइएको छ।

फुटसलमा मादक पदार्थ र लागूपदार्थ पनि खाने तथा जुवाजन्य गतिविधि बढ्दै गएको आरोप लगाइएको छ। काठमाडौंमा सञ्चालन भएका प्राय: फुटसल दर्ता नगरी सञ्चालन भएको प्रहरीले जनाएको छ।

महानगरीय प्रहरी परिसरका एसपी तथा प्रवक्ता विश्वराज पोखरेलले यसको नियमन कुनै निकाय नभएकाले बन्द गर्नुपरेको बताएका छन्। तर, एन्फाले केही समयअघि केन्द्रीय सदस्य वसन्त अर्यालको संयोजकत्वमा फुटसल उपसमिति गठन गरेको छ। तर, सो समितिले अहिलेसम्म पनि कुनै काम गर्न नसकेका कारण युवा मारमा परेका छन्।

सन् १९३० मा ब्राजिलबाट औपचारिक रूपमा सुरु भएको इन्डोर मैदानमा खेलिने फुटसल पछिल्लो समय नेपालमा पनि निकै लोकप्रिय बन्दै गएको छ। फुटसलका नाममा जुवाजन्य गतिविधि भएको आरोप छ।

युवामाझ लोकप्रिय फुटसल बन्द हुनुमा एन्फाले जिम्मेवारी लिनुपर्ने विज्ञहरूको राय छ। एन्फाले गठन गरेको उपसमिति निष्क्रिय भएकै कारण निजी क्षेत्रसमेत निराश भएको छ।

## जिल्लास्तरीय सुपर लिग सुरु

**भैरहवा/रास–** रूपन्देही क्रिकेट संघको आयोजना तथा बुम रेमिट्यान्सको मुख्य प्रायोजनमा बिहीबारदेखि भैरहवामा जिल्लास्तरीय बुम रेमिट्यान्स सुपर लिग क्रिकेट प्रतियोगीता सुरु भएको छ।

प्रतियोगीतामा रूपन्देहीका १२ ओटा पुराना र सातओटा नयाँ गरी १९ क्लबको सहभागिता रहेको छ। सातओटा नयाँ टिममध्ये एउटा सुपर लिगमा पुग्नेछ। स्थानीय सिद्धार्थ रंगशालामा सुरु प्रतियोगिता माघ २६ गतेसम्म सञ्चालन हुने रूपन्देही क्रिकेट संघका अध्यक्ष प्रशान्तविक्रम मल्लले जानकारी दिए। जिल्लास्तरीय सुपर लिग रूपन्देही क्रिकेट संघले २०५३ साल देखि गराउँदै आएको छ। बिहीबार भएको उद्घाटन खेलमा लुम्बिनी कसाई क्रिकेट क्लबलाई बुटवल क्रिकेट क्लबले ८ विकेटले पछि पारेको छ।

टस जितेर पहिले ब्याटिङ गरेको कसाई निर्धारित ३५ ओभरको खेलमा ३४ दशमलव २ बलमा अलआउट हुँदै १ सय ३७ रनमा सीमित रह्यो। बुटवलले १९ दशमलव १ ओभरमा १ सय ४१ रन बनाउन सफल रह्यो। बुटवलका लागि विवेक आलमले ५० र हिमाल पुनले ४७ रन बनाए।

तौसिक आलमले ३, प्रेम रानाले २ र सुशील सापकोटाले २ विकेट लिएका थिए। लुम्बिनीका लागि मनोर आलमले सर्वाधिक ४६ रन जोडेका थिए। लुम्बिनीका कृष्ण चौधरीले बुटवलको एक विकेट लिएका थिए। खेलको म्यान अफ दि म्याच बुटवलका विवेक शर्मा भएका छन्। शुक्रबारको खेल देवदह क्रिकेट क्लब देवदह र गोलपार्क क्रिकेट क्लब बुटवलबिच हुने आयोजकले जनाएका छन्।

**आवश्यकता**

लोकप्रिय राष्ट्रिय दैनिक राजधानीका लागि केही कर्मचारी आवश्यक भएकाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

पद : लेखापाल
संख्या : १ (एक)
योग्यता : बी.बी.एस. उत्तीर्ण।
अनुभव : लेखा सम्बन्धी २ वर्षको अनुभव र Tally चलाउन जान्ने।
तलब : आपसी समझदारीमा।

पद : ग्राफिक्स डिजाईनर
संख्या : १ (एक)
योग्यता : +2 उत्तीर्ण।
अनुभव : फोटोसप, इनडिजाईन, फ्रिह्यान्ड चलाउन जान्ने, साथै, नेपाली, अंग्रेजी टाइप गर्न सक्ने हुनु पर्ने छ।
तलब : आपसी समझदारीमा।

पद : बुकिङ्ग अफिसर
संख्या : १ (एक)
योग्यता : +2 उत्तीर्ण।
अनुभव : अफिस प्याकेज चलाउन जान्ने र विज्ञापन सम्बन्धी अनुभव भएको हुनु पर्ने छ। *(मिडिया मार्केटिङमा अनुभव भएकालाई प्राथमिकता दिईने छ।)*
तलब : आपसी समझदारीमा

पद : सवारी चालक (रात्रीकालीन)
संख्या : १ (एक)
अनुभव : कम्तीमा ३ वर्ष हुनुपर्ने छ।
तलब : आपसी समझदारीमा।

राजधानी न्यूज पब्लिकेशन प्रा.लि
कुपण्डोल, ललितपुर, फोन नं. : ५५४६३००
Email : mail@rajdhani.com.np

## पाल्पा चेसमा रूपेश

**काठमाडौं/रास–** पाल्पा जिल्ला बुद्धिचाल संघको अध्यक्षमा रूपेश महर्जन चयन भए।

नेपाल बुद्धिचाल संघका अध्यक्ष राजेशहरि जोशीको उपस्थितिमा भएको साधारण सभाले महर्जनको अध्यक्षतामा पाल्पा जिल्ला बुद्धिचाल संघमा नौ सदस्यीय कार्यसमिति चयन गरेको हो।

उपाध्यक्षमा दिनेश गन्धर्व, अमन श्रेष्ठ, सचिवमा सन्तोष पौडेल र कोषाध्यक्षमा दीपक विश्वकर्मा रहेका छन्। केन्द्रीय प्रतिनिधि संघका सचिव हेराकाजी महर्जन र जिल्ला खेलकुद विकास समितिको रोहवरमा सम्पन्न भएको साधारण सभाले सदयमा केशव पाण्डे, नैना श्रेष्ठ, रक्की कालीराज र विनोद ज्ञवाली रहेका छन्।

# भानुभक्त खेलकुद महोत्सव



**काठमाडौ/रास–** भानुभक्त मेमोरियल उच्च माध्यमिक विद्यालयले स्वर्ण जयन्तीको अवसरमा शनिबारदेखि साप्ताहिक खेलकुद महोत्सव आयोजना गर्ने भएको छ। पानीपोखरीस्थित आयोजक भानुभक्त विद्यालयका सञ्चालक समितिका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ रञ्जितले बिहीबार पत्रकार सम्मेलनमा प्रतियोगिताको अन्तिम तयारी पूरा भएको जानकरी गराएका छन्। २ देखि ९ माघसम्म सञ्चालन हुने खेल महोत्सवमा विद्यालयस्तरीय बास्केटबल र टेबलटेनिस प्रतियोगिता हुने अध्यक्ष रञ्जितले जनाए। स्वर्ण महोत्सवको अवसरलाई भव्य बनाउन विद्यालयकै कक्षागत विद्यार्थीबिच क्रिकेट तथा फुटबल प्रतियोगिता सञ्चालन हुने अध्यक्ष रञ्जितले जनाए।

प्रतियोगिताको उद्घाटनका अवसरमा विद्यालयका पूर्वविद्यार्थी, अभिभावकलगायत समावेश गराएर दौड प्रतियोगिता आयोजना गरिने विद्यालयका प्रधानाध्यापक प्रेमप्रसाद कँडेलले पत्रकार सम्मेलनमा बताए। पानीपोखरीबाट नारायणगोपाल चोक हुँदै सोही रुट फिर्ता हुने गरी ३ किलोमिटरको सडक दौड सञ्चालन हुनेछ। उद्घाटनका अवसरमा कराँते डेमोस्ट्रेसन पनि हुनेछ। महोत्सवको उद्घाटन सागका कीर्तिमानी धावक बैकुण्ठ मानन्धरले गर्नेछन्।

**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**